# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७३ | काठमाडौं | आइतबार, २१ असार २०८३ | Prabhab National Daily | Sunday, 5 July 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-




वालेन्द्र सरकारको १०० दिन

# सरकारको नजरमा ‘उत्तीर्ण’ विपक्षीको नजरमा ‘पूर्ण असफल’

## सरकार आफ्नै मूल्यांकन

**भ्रष्टाचार नियन्त्रणः** ११ हजारभन्दा बढी सम्पत्ति विवरण तथा उजुरी संकलन, सात मुद्दा दायर, १०१ जनाविरूद्ध ११८ अर्ब रुपैयाँ बिगो मागदाबी ।

**अपराध नियन्त्रणः** १३ हजार ६९६ जना पक्राउ, छ हजार १९५ मुद्दा दर्ता ।

**औद्योगिक सुरक्षाः** ७७ जिल्लामा द्रुत प्रतिकार्य संयन्त्र, १५ हजार ४३९ सशस्त्र प्रहरी तयारी अवस्थामा ।

**अनलाइन सट्टेबाजी नियन्त्रणः** दुई लाखभन्दा बढी डोमेन र वेबसाइट बन्द ।

**प्रशासनिक सुधारः** ३१ सरकारी निकाय खारेज, छ गाभ्ने, छ हस्तान्तरण, १८ पुनर्संरचनास मन्त्रालय २२ बाट १८ मा झारियो ।

**राज्य सम्पत्तिको संरक्षणः** दुरुपयोग भएका ६७२ सरकारी गाडी–मोटरसाइकल फिर्ता ।

**त्रिवि सुधारः** अध्ययन बिदामा गएर नफर्किएका ४०० प्राध्यापकमाथि कारबाही, करिब १३.२६ करोड रुपैयाँ राजस्व फिर्ता ।

**आर्थिक अनुशासनः** ४३.४८ करोड रुपैयाँ औद्योगिक बक्यौता उठाइयो, ३३ उद्योगको विद्युत् काटियो ।

**सेवा प्रवाहः** ४.४७ लाखभन्दा बढी लाइसेन्स वितरण प्रक्रिया, कास्की र मोरङमा घरमै लाइसेन्स सेवा, सबै स्थानीय तहबाट अनलाइन नागरिकता सिफारिस ।

**भूमि व्यवस्थापनः** २९ भूमिहीन परिवारलाई जग्गाधनी प्रमाणपत्र ।

शिक्षा सुधारः एसइई नतिजा एक महिनाभित्र, कक्षा १२ को नतिजा ४० दिनभित्र र विश्वविद्यालयको नतिजा ६५ दिनभित्र प्रकाशन गर्ने अभ्यास ।

कृषिः तीन करोडसम्मको कृषि कर्जाको जोखिम भार ७५५ बाट ६०५ मा घटाइयो ।

**परराष्ट्रः** खुला प्रतिस्पर्धाबाट राजदूत नियुक्ति प्रक्रिया, प्रधानमन्त्रीद्वारा सामूहिक कूटनीतिक ब्रिफिङ ।

**नेपालीको उद्धारः** पश्चिम एसियाबाट १,०४७ र दक्षिणपूर्वी एसियाबाट ८१९ नेपालीको उद्धार ।

**वैदेशिक रोजगारीः** १,००४ ठगी उजुरी फर्स्योट, ३०.७४ करोड रुपैयाँ क्षतिपूर्ति ।

## विपक्षी के भने ?

### नेपाली कांग्रेस

- सरकार आफ्नै १०० बुँदे शासकीय सुधार कार्यसूची कार्यान्वयन गर्न असफल, कार्यसूची कार्यान्वयन नभएका विषय संसद्मा सशक्त रूपमा उठाउने निर्णय, सरकारलाई संसद्मार्फत थप जवाफदेही बनाइने

### नेकपा एमाले

- सरकारका काम अत्यन्त फितलो, अपरिपक्व र विवादास्पद, संविधान संशोधनमा पर्याप्त परामर्श नगरेको, संघीयताको मर्मविपरीत अधिकार प्रधानमन्त्रीमा केन्द्रित गर्न खोजेको सुशासनको नाममा राजनीतिक प्रतिशोध लिएको, सेवा प्रवाह, न्याय सम्पादन र सुशासनमा सरकार असफल भएको दाबी

### नेकपा

- जनतालाई जे आश्वासन र भ्रम दिएर सरकार बनेको थियो, त्यस आधारमा यो १०० दिन पूर्णतः असफल, सरकारको काम र जनअपेक्षाबीच ठूलो अन्तर

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले कार्यकालको १०० दिन पूरा हुँदा सुशासन, प्रशासनिक सुधार, सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, शिक्षा, वैदेशिक रोजगारी र आर्थिक सुधारलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरेको छ ।

शनिबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सरकारले सार्वजनिक गरेको १०० दिने उपलब्धिले सुशासन, पारदर्शिता र सेवा प्रवाह सुधारतर्फ सरकार दृढतापूर्वक अघि बढेको देखाउने दाबी गरे ।

सरकारले सबैभन्दा ठूलो उपलब्धिका रूपमा भ्रष्टाचार नियन्त्रण र अवैध सम्पत्तिमाथिको अनुसन्धानलाई अघि सारेको छ । सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोगले प्रशासनिक तथा संस्थागत संरचना तयार गरी हालसम्म ११ हजारभन्दा बढी सम्पत्ति विवरण तथा उजुरी संकलन गरेको जनाएको छ । त्यस्तै, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सात वटा मुद्दा दायर गर्दै...

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार क्षेत्रमा ३० करोड क्षतिपूर्ति असुलीदेखि डिजिटाइजेसनसम्मका काम

- वैदेशिक रोजगारीसँग सम्बन्धित व्यक्तिगत तथा संस्थागत ठगीका एक हजार चारवटा मुद्दा/उजुरी फर्स्योट गर्दै पीडित नागरिकलाई ३० करोड ७४ लाख २० हजार रुपैयाँ क्षतिपूर्ति असुलउपर
- मुद्दा फर्स्योटदर २४१ प्रतिशतले र वैदेशिक रोजगार पीडितले क्षतिपूर्ति प्राप्त गर्ने दर ६७३ प्रतिशतले वृद्धि
- 'फ्रि भिसा, फ्रि टिकट' नीतिगत निर्णयलाई समसामयिकरूपमा पुनरावलोकन गर्न कार्यदल गठन
- श्रमिक ठगी न्यूनीकरण गर्न श्रम मन्त्रालयमा 'एक्सन कमाण्ड सेन्टर'को स्थापना
- एकैदिनमा श्रम स्वीकृतिसम्बन्धी सम्पूर्ण सेवा स्थानीय तहमा रहेको रोजगार संयोजकमार्फत हुने व्यवस्था मिलाइएको




सरकारको १०० दिन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वालेन्द्र शाह नेतृत्वको सरकारले १०० दिनमा वैदेशिक रोजगारीको क्षेत्रमा ठगी न्यूनीकरणदेखि डिजिटाइजेसनसम्मका कार्य गरेको जानकारी दिएको छ। शनिबार वालेन्द्र सरकार गठन भएको १०० दिन पूरा भएको अवसरमा सार्वजनिक गरिएको विवरणमा वैदेशिक रोजगारतर्फको यस्तो उपलब्धि समेटिएको हो ।

गत फागुन २१ को निर्वाचनमा १८२ सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले वरिष्ठ नेता शाहको नेतृत्वमा सरकार गठन गरेको शनिबार १०० दिन पूरा भएको हो । शाहले चैत १३ गते प्रधानमन्त्री पदको शपथ लिएका थिए ।

सरकारको १०० दिने उपलब्धिमा वैदेशिक रोजगारीलाई थप सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन 'वैदेशिक रोजगारी प्रणाली डिजिटाइजेसन'को अध्ययन सम्पन्न भई वैदेशिक रोजगारका सम्पूर्ण आप्रवासन चक्रलाई समेट्नेगरी एकीकृत डिजिटल प्रणालीको निर्माण कार्य भइरहेको उल्लेख गरिएको छ । वैदेशिक रोजगारीसँग सम्बन्धित व्यक्तिगत तथा संस्थागत ठगीका एक हजार चारवटा मुद्दा/उजुरी फर्स्योट गर्दै पीडित नागरिकलाई ३० करोड ७४ लाख २० हजार रूपैयाँ क्षतिपूर्ति असुलउपर गरिएको जनाइएको छ ।

'सरकार गठन हुनुअघिको नौ महिनामा वैदेशिक रोजगार पीडितहरूलाई १२ करोड ६७ लाख रूपैयाँबराबर क्षतिपूर्ति भराइएकोमा सरकार गठनपश्चात्को १०० दिनमै ३० करोड रूपैयाँभन्दा बढी क्षतिपूर्ति भराइएको छ । मासिक औसतका आधारमा हेर्दा क्षतिपूर्ति भराउने दर करिब ६२८ प्रतिशतले वृद्धि भएको छ,' सरकारको १०० दिने उपलब्धिसम्बन्धी विवरणमा उल्लेख छ ।

पछिल्लो तीन महिनाको अवधिमा मुद्दा फर्स्योटदर २४१ प्रतिशतले र वैदेशिक रोजगार पीडितले क्षतिपूर्ति प्राप्त गर्ने दर ६७३ प्रतिशतले वृद्धि भएको जनाइएको छ ।

२०५७ सालदेखिका वैदेशिक रोजगारसँग सम्बन्धित ११ हजार ५२८ मुद्दा तथा उजुरीका फाइलहरूको डिजिटलाइज गरिसकिएको, वैदेशिक रोजगारसम्बन्धी मुद्दा, अनुसन्धान र क्षतिपूर्तिसम्बन्धी सेवालाई डिजिटाइज गरी सेवा ट्र्याकिङ गर्नका लागि सफ्टवेयर तयार भई परीक्षण भइरहेको, ...

क्रमशः पृष्ठ २ मा

**फिफा विश्वकप-२०२६**

# प्रि-क्वाटरफाइनलमा भिड्दै छन् यी आठ टोली

| १६ प्रतिस्पर्धी |
|---|
| क्यानाडा-मोरक्को |
| फ्रान्स-पाराग्वे |
| ब्राजिल-नर्वे |
| मेक्सिको-इंगल्याण्ड |
| स्पेन-पोर्चुगल |
| बेल्जियम-अमेरिका |
| अर्जेन्टिना-इजिप्ट |
| कोलम्बिया-स्विट्जरल्याण्ड |



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अमेरिका, क्यानडा र मेक्सिकोमा जारी रहेको फिफा विश्वकप २०२६ को प्रि-क्वाटरफाइनल समीकरण पूरा भएको छ । शनिबार बिहान कोलम्बिया र घानाबीच राउण्ड अफ ३२ को अन्तिम खेल सम्पन्न भएसँगै अन्तिम १६ प्रवेश गर्ने सबै टोलीको टुंगो लागेको हो ।

अन्तिम १६ मा साविक विजेता अर्जेन्टिना, उपविजेता फ्रान्ससहित क्यानाडा, ब्राजिल, पाराग्वे, मोरक्को, नर्वे, मेक्सिको, इंगल्याण्ड, बेल्जियम, अमेरिका, स्पेन, पोर्चुगल, स्विट्जरल्याण्ड, इजिप्ट र कोलम्बियाले क्वाटरफाइनलका लागि खेल्ने भएका छन् ।

राउण्ड अफ ३२ मा पुगेकामध्ये पूर्वविश्वविजेता जर्मनीसहित क्रोएसिया, दक्षिण अफ्रिका, जापान, नेदरल्याण्ड्स, आइभरीकोस्ट, स्विडेन, इक्वेडर, कंगो, सेनेगल, बोस्निया एण्ड हर्जगोभिना, अस्ट्रिया, अल्जेरिया, अस्ट्रेलिया, केप भर्डे र घानाको भने विश्वकप यात्रा टुंगिएको छ । पूर्वविश्वविजेता जर्मनी पाराग्वेसँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको थियो भने एसियाली पावरहाउस मानिएको जापान ब्राजिलसँग पराजित हुँदै बाहिरिएको हो । बलियो मानिएको नेदरल्याण्डस्लाई मोरक्कोले पराजित गरेको थियो ।

यस राउण्डमा सबैभन्दा उत्कृष्ट खेल पहिलोपटक विश्वकपमा सहभागी भएको केप भर्डेले प्रदर्शन गरेको छ । अन्तिम १६ का लागि डिफेण्डिङ च्याम्पियन अर्जेन्टिनाविरुद्ध शनिबार बिहान मैदानमा उत्रिएको केप भर्डेले उत्कृष्ट फुटबल खेल्दै विश्व फुटबल जगतको ध्यान खिच्न सफल भएको थियो ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## सरकारको...

१०१ जनालाई प्रतिवादी बनाएको र उनीहरूसँग ११८ अर्ब रूपैयाँ बराबरको बिगो मागदाबी गरिएको सरकारको दाबी छ । सरकारले यसलाई भ्रष्टाचार र अवैध सम्पत्ति आर्जनविरुद्धको कडा अभियानको सुरुआतका रूपमा चित्रण गरेको छ ।

'सरकारले गरेको वाचा जे-जे छ, पूरा गर्दै छ र हामी उतीर्ण भएका छौं जनताको नजरमा,' प्रवक्ता पोखरेलले बताए ।

उनले सार्वजनिक सुरक्षातर्फ पनि सरकारले अपराध नियन्त्रणमा सक्रियता देखाएको बताए । प्रवक्ता पोखरेलका अनुसार निजी सम्पत्तिमाथि आक्रमण, लुटपाट तथा तोडफोडमा संलग्न १३ हजार ६९६ जनालाई नियन्त्रणमा लिइएको र छ हजार १९५ वटा मुद्दा दर्ता गरिएको विवरण सार्वजनिक गरिएको छ । औद्योगिक तथा व्यावसायिक क्षेत्रको सुरक्षा सुनिश्चित गर्न ७७ वटै जिल्लामा द्रुत प्रतिकार्य संयन्त्र स्थापना गरिएको छ भने १५ हजार ४३९ जना सशस्त्र प्रहरी तयारी अवस्थामा राखिएको सरकारले जनाएको छ । उद्योग, बैंक तथा सुरक्षा निकायबीच तत्काल समन्वय गर्न नेपाल प्रहरीले द्रुत सम्पर्क प्रणालीसमेत सञ्चालनमा ल्याएको छ ।

सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा सरकारले अनलाइन सट्टेबाजी नियन्त्रणलाई प्राथमिकतामा राखेको छ । सट्टेबाजीसम्बन्धी एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्नुपर्ने निर्णय कार्यान्वयन गर्दै विभिन्न इन्टरनेट सेवा प्रदायकमार्फत दुई लाखभन्दा बढी डोमेन लिंक बन्द गराइएको सरकारले जनाएको छ । यसलाई अनलाइन अपराध नियन्त्रण र डिजिटल सुशासनतर्फको महत्त्वपूर्ण कदमका रूपमा व्याख्या गरिएको छ ।

प्रशासनिक सुधारलाई पनि सरकारले आफ्नो प्रमुख उपलब्धिमध्ये एक मानेको छ । सरकारले ३१ वटा सरकारी निकाय खारेज गर्ने, छ वटा निकाय गाभ्ने, छ वटा निकाय अन्यत्र हस्तान्तरण गर्ने तथा १८ वटा निकायको पुनर्संरचना प्रक्रिया अघि बढाएको जनाएको छ । यससँगै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालयको संख्या २२ बाट घटाएर १८ कायम गरिएको छ । सरकारका प्रवक्ता सस्मित पोखरेलअनुसार यसबाट प्रशासनिक खर्च कटौती हुने र निर्णय प्रक्रिया थप प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

सरकारले राज्यका स्रोत-साधनको दुरूपयोग नियन्त्रणमा पनि कदम चालेको जनाएको छ । पूर्वपदाधिकारी तथा पहुँचका आधारमा नियमविपरीत प्रयोग भइरहेका ६७२ सरकारी गाडी तथा मोटरसाइकल फिर्ता ल्याएको छ । त्यस्तै, त्रिभुवन विश्वविद्यालयमा अध्ययन बिदामा गएर वर्षौंसम्म नफर्किएका ४०० प्राध्यापकमाथि कारबाही गर्दै करिब १३ करोड २६ लाख रूपैयाँ राजस्व फिर्ता ल्याएको सरकारको दाबी छ ।

औद्योगिक तथा आर्थिक क्षेत्रमा बक्यौता उठाउने अभियानलाई तीव्र बनाइएको सरकारले जनाएको छ । औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगबाट ४३ करोड ४८ लाख २१ हजार रूपैयाँ बक्यौता उठाइएको छ भने बक्यौता नतिर्ने ३३ उद्योगको विद्युत् सेवा बन्द गरिएको छ । कर प्रशासन सुधारअन्तर्गत वार्षिक २० करोड रूपैयाँभन्दा बढी कारोबार गर्ने ९४० करदातालाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध गरिएको सरकारको भनाइ छ । कम्पनी रजिस्ट्रार कार्यालय तथा १२० स्थानीय तहबाट स्थायी लेखा नम्बर (पान)सहित करदाता सेवा प्राप्त गर्न सक्ने व्यवस्था पनि लागू गरिएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई छिटो र सहज बनाउन सरकारले विभिन्न सुधारका कार्यक्रम अघि बढाएको जनाएको छ । हालसम्म चार लाख ४७ हजार ३३२ वटा सवारी चालक अनुमतिपत्र सम्बन्धित यातायात कार्यालयमा पठाइएको छ । कास्की र मोरङ जिल्लामा घरघरमै लाइसेन्स पुर्‍याउने सेवा सुरु गरिएको सरकारले जनाएको छ । त्यसैगरी, सबै स्थानीय तहबाट अनलाइन प्रणालीमार्फत नागरिकता सिफारिस गर्न सकिने व्यवस्था लागू गरिएको छ ।

भूमि व्यवस्थापनतर्फ सरकारले ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भूमि समस्या समाधान समिति गठन गरी सक्रिय बनाएको छ । बर्दियाको बढैयाताल गाउँपालिकामा दुई जना भूमिहीन दलित र २७ जना भूमिहीन सुकुम्बासी गरी २९ परिवारलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गरिएको विवरण सार्वजनिक गरिएको छ ।

शिक्षा क्षेत्रमा परीक्षाको नतिजा प्रकाशनलाई समयबद्ध बनाउने अभ्यास सुरु गरिएको सरकारले जनाएको छ । माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा एक महिनाभित्र, कक्षा १२ को नतिजा ४० दिनभित्र तथा विश्वविद्यालयहरूको नतिजा ६५ दिनभित्र सार्वजनिक गर्ने अभ्यास सुरु गरिएको छ । यसलाई शिक्षा प्रशासनमा सुधारको सुरुआती कदमका रूपमा सरकारले प्रस्तुत गरेको छ ।

कृषि क्षेत्रमा लगानी प्रोत्साहन गर्न तीन करोड रूपैयाँसम्मको कृषि कर्जामा रहेको जोखिम भार ७५ प्रतिशतबाट घटाएर ६० प्रतिशत कायम गरिएको छ । सरकारका अनुसार यसबाट बैंक तथा वित्तीय संस्थालाई कृषि क्षेत्रमा लगानी विस्तार गर्न सहज हुने अपेक्षा गरिएको छ ।

परराष्ट्र नीतिमा पनि सरकारले केही नयाँ अभ्यास सुरु गरेको जनाएको छ । नेपालका लागि विभिन्न देशका राजदूत खुला प्रतिस्पर्धाबाट नियुक्त गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको सरकारको भनाइ छ । त्यस्तै, प्रधानमन्त्रीबाट विदेशी राजदूतहरूसँग सामूहिक ब्रिफिङ गर्ने नयाँ कूटनीतिक अभ्यास सुरु गरिएको छ, जसले नेपालको विदेश नीतिलाई थप समन्वित र सन्तुलित बनाउने सरकारको अपेक्षा छ ।

विदेशमा रहेका नेपालीको सुरक्षालाई प्राथमिकतामा राख्दै पश्चिम एसियामा देखिएको संकटका बेला २४ घण्टे हटलाइनसहित विशेष टोली गठन गरिएको थियो । सरकारका अनुसार उक्त संयन्त्रमार्फत पश्चिम एसियाबाट १ हजार ४७ जना र दक्षिणपूर्वी एसियाबाट ८१९ जना नेपालीको सफल उद्धार गरिएको छ ।

वैदेशिक रोजगारी क्षेत्रमा हुने ठगी नियन्त्रणलाई पनि सरकारले उपलब्धिका रूपमा प्रस्तुत गरेको छ । सरकारले एक हजार ४०० वटा वैदेशिक रोजगारीसम्बन्धी ठगीका उजुरी फर्स्योट गरी पीडितलाई ३० करोड ७४ लाख २० हजार रूपैयाँ क्षतिपूर्ति दिलाएको जनाएको छ । श्रम मन्त्रालयमा स्थापना गरिएको 'एक्सन कमाण्ड सेन्टर'मार्फत एक हजार ६६३ वटा गुनासो सम्बोधन गरिएको पनि सरकारको दाबी छ ।

सरकारले जेन-जी आन्दोलनका घाइते तथा सहिद परिवारका लागि राहत, उपचार, रोजगारीलगायतका विषय समेटिएको एकीकृत सहायता प्याकेज घोषणा गरेको छ । साथै संविधान संशोधनका विषयमा राष्ट्रिय सहमति जुटाउन प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारको संयोजकत्वमा कार्यदल गठन गरिएको, सरोकारवालासँग परामर्श प्रक्रिया सम्पन्न भएको र संशोधनको मस्यौदा तयार गर्ने काम भइरहेको जानकारी पनि सरकारले दिएको छ ।

सय दिनको उपलब्धि सार्वजनिक गर्दै सरकारले सुशासन, पारदर्शिता, सेवा प्रवाह सुधार, प्रशासनिक पुनर्संरचना र आर्थिक अनुशासनलाई प्राथमिकतामा राखेर काम अघि बढाएको दाबी गरेको छ । यद्यपि सरकारका यी दाबी र उपलब्धिको वास्तविक प्रभाव तथा कार्यान्वयनको अवस्था भने आगामी दिनमा अझ स्पष्ट हुने अपेक्षा गरिएको छ ।

### विपक्षीको मूल्यांकनः

### वालेन्द्र सरकार पूर्णतः असफल

विपक्षी दलहरूले भने प्रधानमन्त्री वालेन्द्र शाह सरकारको पहिलो १०० दिनलाई पूर्णरूपमा असफल अवधिको रूपमा टिप्पणी गरेका छन् । प्रमुख विपक्षी नेपाली कांग्रेसले सरकारले सार्वजनिक गरेको १०० बुँदे शासकीय सुधार कार्यसूची प्रभावकारीरूपमा कार्यान्वयन गर्न नसकेको भन्दै यो विषय संसद्मा उठाउने निर्णय गरेको छ ।

नेकपा एमालेले सरकारका कामलाई अत्यन्त फितलो, अपरिपक्व र विवादास्पद भएको टिप्पणी गरेको छ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि वालेन्द्र सरकारको पहिलो १०० दिनलाई पूर्णतः असफल भएको घोषणा गरेका छन् ।

शनिबार सिंहदरबारमा बसेको नेपाली कांग्रेस संसदीय दलको मन्त्रालयगत संयोजकहरूको बैठकले सरकार आफ्नै १०० बुँदे शासकीय सुधार कार्यसूची कार्यान्वयन गर्न असफल भएको निष्कर्ष निकालेको हो । बैठकले यसलाई संसद्को प्रमुख एजेण्डा बनाउने निर्णय गर्दै सरकारमाथि निरन्तर निगरानी र दबाब बढाउने रणनीति तय गरेको छ ।

बैठकको निर्णयमा भनिएको छ, 'शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीहरूको प्रभावकारी कार्यान्वयन नभएका विषयहरूलाई सशक्तरूपमा संसद्मा उठाउने, सरकारका कार्यप्रगतिका नियमित अनुगमन गर्ने र सरकारलाई जवाफदेही बनाउन संसद्मा प्रमुख प्रतिपक्षी दलको हैसियतले थप सक्रिय भूमिका निर्वाह गर्ने ।'

कांग्रेसले मन्त्रालयगत संयोजकहरूले पेस गरेका प्रतिवेदनका आधारमा सरकारलाई सुधारात्मक कदम चाल्न ध्यानाकर्षण गराउने निर्णयसमेत गरेको छ ।

सरकारको १०० दिनको समीक्षा सार्वजनिक गर्दै नेकपा एमालेले पनि सरकारमाथि तीव्र आलोचना गरेको छ । पार्टी महासचिव शंकर पोखरेलले तथ्यका आधारमा गरिएको समीक्षा उद्धृत गर्दै सरकारका काम अपेक्षाभन्दा निकै कमजोर रहेको बताएका छन् ।

एमालेको समीक्षामा भनिएको छ, 'तथ्यको आधारमा १०० दिनको परिणामलाई विश्लेषण गर्दा यस अवधिमा सरकारका काम अत्यन्त फितलो, अपरिपक्व र विवादास्पद देखिन्छ ।'

एमालेले संविधान संशोधन, न्याय सम्पादन, सेवा प्रवाह, सुशासन र संघीयता कार्यान्वयनजस्ता क्षेत्रमा सरकार असफल भएको निष्कर्ष निकालेको हो । संविधान संशोधनमा राजनीतिक दलसँग पर्याप्त परामर्श नगरेको, संघीयताको मर्मविपरीत अधिकार प्रधानमन्त्रीमा केन्द्रित गर्न खोजिएको, मानवअधिकार आयोगका प्रतिवेदन कार्यान्वयन नगरेको तथा राजनीतिक प्रतिशोधको भावना राखेर कारबाही अघि बढाएको आरोप पनि एमालेले लगाएको छ ।

समीक्षामा एमालेले भनेको छ, 'संविधान संशोधनजस्तो गम्भीर विषयमा सहमति खोज्ने भनि पनि कार्यदल गठन गर्नुपूर्व राजनीतिक दलसँग न्यूनतम परामर्शसमेत गरिएन । संविधानलाई आलोकाँचो, हतारो र अपारदर्शी तरिकाले संशोधन गर्न खोज्नु आफैंमा गम्भीर राजनीतिक र संवैधानिक त्रुटि हो ।'

त्यसैगरी, एमालेले सुशासनको नाममा प्रतिशोधपूर्ण राजनीति गरिएको आरोप लगाउँदै भनेको छ, 'सुशासनका नाममा गैरकानुनी र प्रतिशोधपूर्ण तरिकाले राजनीतिक दलहरूमाथि आक्रमण सुरु गरिएको छ ।'

यता नेकपाका संयोजक पुष्पकमल दाहालले वालेन्द्र सरकारको पहिलो १०० दिनबारे सबैभन्दा कडा टिप्पणी गरे । शनिबार बुटवलमा आयोजित कार्यक्रममा पत्रकारसँग कुरा गर्दै उनले वालेन्द्र सरकारले जनतालाई देखाएको आशा र व्यवहारबीच ठूलो अन्तर रहेको बताए ।

उनले भने, 'जनतालाई जे आश्वासन र भ्रम दिएर सरकार बनेको थियो, त्यस आधारमा यो १०० दिन पूर्णतः असफल भएको देख्छु म ।'

दाहालले अहिले देशमा राजनीतिक सहकार्यको आवश्यकता रहेको उल्लेख गर्दै कांग्रेस, एमालेलगायत सबै दलसँग संवाद र सहकार्य आवश्यक रहेको धारणा पनि व्यक्त गरेका छन् ।

श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि वालेन्द्र सरकार असफल भएको निष्कर्ष निकालेका छन् ।

■■■

## वैदेशिक रोजगार...

वैदेशिक रोजगार ऐन संशोधनका लागि सर्वसाधारणको सुझाव संकलन गर्न वेबसाइटमा राखिएको र २०७२ सालदेखि विवादमा रहेको 'फ्रि भिसा, फ्रि टिकट' नीतिगत निर्णयलाई समसामयिकरूपमा पुनरावलोकन गर्न कार्यदल गठन भई उक्त कार्यदलले अध्ययन गरिरहेको जनाइएको छ ।

'श्रमिकलाई पारदर्शी र सहज सेवा उपलब्ध गराउन प्रविधि र स्थानीयकरणमा ध्यान दिइ एकैदिनमा श्रम स्वीकृतिसम्बन्धी सम्पूर्ण सेवा स्थानीय तहमा रहेको रोजगार संयोजकमार्फत हुने व्यवस्था मिलाइएको र वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको स्वास्थ्य परीक्षणका लागि डिजिटल वेब पोर्टल तयार भई परीक्षणमा रहेको छ,' सरकारले सार्वजनिक गरेको उपलब्धिमा उल्लेख छ ।

सोही अवधिमा वैदेशिक रोजगारीमा हुने श्रमिक ठगी न्यूनीकरण गर्न श्रम मन्त्रालयमा 'एक्सन कमाण्ड सेन्टर'को स्थापना गरी एक हजार ६६३ गुनासोको सम्बोधन गरिएको, 'अपरेसन इलिगल एजेन्ट क्लिन-अप' पोर्टल तथा सोसम्बन्धी अभियानको सुरुवात भएको, श्रमाधान कल सेन्टरमार्फत पाँच हजार ३९१ गुनासो समाधान गरी अन्तर्राष्ट्रिय विमानस्थलमा २४/७ श्रम सहायता कक्षकोसमेत व्यवस्था गरिएको जनाइएको छ ।

श्रम कूटनीतिलाई केन्द्रमा राखेर ११ वटा देशका मन्त्री/राजदूतसँग छलफल गरिएको, आठवटा प्रमुख गन्तव्य मुलुकसँगको नयाँ श्रम सम्झौता र नवीकरणको प्रक्रियामा रहेकोसमेत उल्लेख गरेको छ ।

सरकारले वैदेशिक रोजगारीको बाध्यतालाई न्यूनीकरण गर्न स्वदेशमै रोजगार सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिएको जनाइएको छ । यसका लागि सीप विकासदेखि वैदेशि रोजगारीबाट फर्किएकाको पुनःएकीकरण, उद्यमशीलतामा प्रोत्साहनलगायतका कार्यक्रम अघि बढाइएको १०० दिने उपलब्धिमा उल्लेख गरिएको छ ।

■■■

## प्रि-क्वाटरफाइनलमा...

फिफा र्‍यांकिङमा पहिलो स्थानमा रहेको अर्जेन्टिना ६७औं स्थानमा रहेको केप भर्डेसँग पटक-पटक हारको नजिक पुगेको थियो ।

केपका गोलरक्षकसँगै हरेक खेलाडीको उत्कृष्ट खेलका अगाडि अर्जेन्टिनाका कप्तान मेस्सीसमेत छायाँमा परेका थिए । अर्जेन्टिनालाई अतिरिक्त समयसम्म रोकेको केपले अर्जेन्टिनाले लिएको अग्रतालाई दुई पटकसम्म बराबरीमा पुर्‍याएको थियो । केपले प्रतियोगिताको लिगमा दुई पूर्वविश्वविजेतालाई बराबरीमा रोकेको थियो । केपसँगको बराबरीसँगै पूर्वविजेता उरुग्वे विश्वकपबाट बाहिरिएको थियो । केपले समूह चरणमा स्पेनलाई पनि बराबरीमा रोकेको थियो ।

अन्तिम १६ को पहिलो खेल क्यानडा र मोरक्कोबीच शनिबार राति भएको छ भने दोस्रो खेलमा जर्मनीलाई हराएको पाराग्वेल फ्रान्सको सामना गरेको छ । अहिलेसम्म सर्वाधिक विश्वकप उपाधि जित्ने मुलुक ब्राजिलले सोमबार बिहान नर्वेको सामना गर्ने छ । यी दुईबीचको खेल सोमबार बिहान पौने २ बजेदेखि खेल हुने छ । सोमबार बिहान नै मेक्सिको र इंग्ल्याण्ड आमनेसामने हुने छन् ।

त्यस्तै मंगलबार बिहान पौने १ बजे पोर्चुगल र स्पेन, सोही दिन बिहान अमेरिका र बेल्जियम पनि खेल्ने छन् । मंगलबार राति पौने १० बजे अर्जेन्टिना र इजिप्ट आमनेसामने हुने छन् । बुधबार बिहान पौने २ बजे स्विट्जरल्याण्ड र कोलम्बिया भिड्ने छन् ।

यस राउण्डमा सबैभन्दा प्रतिस्पर्धात्मक खेल पूर्वविश्वविजेता स्पेन र क्रिस्टियानो रोनाल्डोको पोर्चुगलबीचको हुने अपेक्षा गरिएको छ । छैटौं विश्वकप खेलिरहेका रोनाल्डोका लागि यो खेल सर्वाधिक महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०३/२१ गते**

यस कम्पनीको मिति २०८३/०३/१४ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **सहज सेवा सीप विकास केन्द्र प्रा.लि.** को नाम परिवर्तन गरी **भुमरिमाई मल्टीपर्पोज कम्पनी प्रा.लि. (दर्ता नम्बर २५८६९२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०३/१६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७९/०४/१९ मा दर्ता भएको **प्रा. लि. नं. २९५४८०** को **बुद्ध दर्शन सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



# SINDHU JWALA HYDROPOWER LIMITED

**Upper Nyasem Khola Hydroelectric Project (43 Mw)**
**Upper Nyasem Khola-A Hydroelectric Project (21 Mw)**

**Invitation For Bids (International Competitive Bidding)**

**Lot 1: Construction of Civil Works**

**(Contract Identification No.: SJHL/UNKHEP/081/082/CW-01) (3rd Publication of Notice 2026/07/05)**

1. Sindhu Jwala Hydropower Limited (SJHL), the "Employer", is a Company promoted by various experts and well reputed personalities of Nepalese power sector. SJHL is currently in the process of developing a ROR hydropower project called Upper Nyasem Khola Hydroelectric Project (UNKHP) of installed capacity 43 MW and Upper Nyasem Khola-A Hydroelectric Project (UNK-AHP) of installed capacity 21 MW at Nyasem river of Sindhupalchowk district. It is intended that the part of the proceeds of these resources will be applied to eligible payments under the contract for which this Invitation to Tender is issued
2. The Employer invites, sealed Bids (double envelope) from eligible Bidders for the work as mentioned in table below:

| Tender No | Description of Works | Last date of purchasing of bidding document | Last Date and Time for Submission of Bidding Documents | Date for Opening Bidding Documents | Bid Document Price (NRs) | Bank Voucher Detail |
|---|---|---|---|---|---|---|
| TenderNo: SJHL/UNKHEP/081/082/CW-01) Sindhupalchok | Construction of Civil Works of (UNK-AHP) 21 MW & (UNKHP) 43 MW | Within 07 days of First Notice Publication till 5:00 hours | 07th day of First Notice Publication till on 12:00 hours | 07th dayof First Notice Publication till on 14:00 hours | 10,000/- | Account No. |

Sindhu Jwala Hydropower Limited invites sealed bids from eligible bidders for the construction of Lo1: Civil works under International Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 10,00,00,00,000.00
- Minimum Work experience of similar size and nature: NRs. 6,00,00,00,000.00

3. Eligible Bidders may obtain the complete set of Bid Document from Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal during office hours on submission of a written application accompanied by notarized copies of 1) Firm Registration Certificate, 2) VAT Registration Certificate, 3) Tax Clearance Certificate and 4) Bank Voucher evidencing the deposit of non-refundable cash amount as mentioned in table above.
4. The number of partners in Joint Venture is limited to two (2). The share of lead partner shall not be less than 51%.
5. Bid Proposal including financial and technical proposal shall be sealed in separate envelopes marking "Financial proposal" & "Technical proposal" respectively in each and submitted to Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal on date and time mentioned in table above. One (1) set of original and one (1) set of duplicate bid document (of each technical and financial) shall be submitted. Documents received after this deadline and timeline shall not be accepted.
6. The amount of Bank Guarantee may be subject to increase or decrease as per the decision of the Board of Directors.
7. Bids shall be opened as mentioned in the table above at the office of Sindhu Jwala Hydropower Limited, Kathmandu, Nepal in the presence of Bidders' representatives, if any. The technical proposal will be opened first and financial proposal of only those bidders will be opened whose technical proposal will qualify. Bids must be valid for a period of 120 days counting from the day of Bid opening and must be accompanied by Bid security, amounting to 2.5% of bidding amount (NRS) which shall be valid for minimum 30 days beyond the Bid validity period in favor of Sindhu Jwala Hydropower Limited.
8. If any information/data provided in the Submitted Bid is unclear, illegible or not substantiated by supporting document, such information/data shall not be taken into account for qualification.
9. If the last date of Bid submission/opening falls on a Government holiday, the same time of next working day shall be considered for such events.
10. Pre-bid meeting will be held at 14:00 hours on 2026/07/10 at Employer's office in Tinkune-32, Kathmandu. Attendance is strongly advised to all the qualified bidders.
11. It is recommended that bidders familiarize themselves with the local conditions and visit the project site. Costs incurred for preparation of bid documents and the site visit will be solely at the expenses of bidders.
12. SJHL reserves the right to accept or reject any Bid, partly or wholly, or cancel the Bid altogether, at any time prior to Contract award, without thereby incurring any liability to the affected Bidder or Bidders and without assigning any reason whatsoever.
13. Eligible Bidders may obtain further information at the office of Sindhu Jwala Hydropower Limited, Tinkune-32, Kathmandu, Nepal.

**Address:**
**Sindhu Jwala Hydropower Limited**
**Tinkune-32, Kathmandu**
**Phone: 01-4245184,9851010735**
**E-mail: sindhujwalahydropower@gmail.com, info@sindhuhydro.com**



**भद्रकाली मन्दिरमा भक्तजन** | काठमाडौंको भद्रकाली मन्दिरमा शनिबार बिहान पूजाअर्चना तथा दर्शन गर्दै भक्तजन । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# सन् २०३५ सम्म पाँचवटा एकीकृत आरोग्य केन्द्र स्थापना गरिने

**काठमाडौं–** सरकारले नेपाललाई आरोग्य पर्यटनको गन्तव्य मुलुकका रूपमा विकास गर्ने उद्देश्यले सन् २०३५ सम्म पाँचवटा प्रमुख एकीकृत आरोग्य केन्द्र स्थापना गर्ने भएको छ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको १०० दिनको उपलब्धि सार्वजनिक गर्न शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नेपाललाई आरोग्य पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले उक्त योजना अघि सारिएको बताए ।

नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसंघको साधारणसभाले प्रत्येक वर्षको अप्रिल १५ लाई विश्व आरोग्य दिवस मनाउने घोषणा गरिसकेको छ । उक्त दिवसलाई मुलुकभर अभियानका रूपमा सञ्चालन गर्ने, 'आरोग्य पर्यटन गन्तव्य नेपाल, आर्थिक समृद्धिको आधार' भन्ने दूरदृष्टिसहित राष्ट्रिय आरोग्य पर्यटन रणनीति (सन् २०२६ देखि २०३५ सम्म) तथा यससम्बन्धी कार्ययोजना (सन् २०२६ देखि २०३० सम्म) जारी भइसकेको मन्त्री पोखरेलले बताए ।

उनले सन् २०३० सम्ममा कूल अन्तर्राष्ट्रिय पर्यटक आगमनमा आरोग्य पर्यटकको हिस्सा ११ प्रतिशत पुऱ्याउने सरकारले लक्ष्य लिएको उल्लेख गरे । साथै, सन् २०३५ सम्ममा पर्यटकको सन्तुष्टिस्तर ८.५ र १० कायम गर्नेसमेत सरकारको योजना रहेको उनको भनाइ छ ।

सरकारले गत चैतमा सार्वजनिक गरेको शासकीय सुधार सम्बन्धित १०० बुँदामा आरोग्य पर्यटनसम्बन्धी आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको थियो । प्रवक्ता पोखरेलका अनुसार सरकारले उदयपुर (कोशी नदी आसपास), अछाम (रामारोशन), बाजुरा बडिमालिका, अपी हिमाल ट्रेकिङ रुट, दोर्दी हिमाल ट्रेकिङ रुटलगायत क्षेत्रमा व्यवस्थित पर्यटनका लागि आवश्यक अध्ययन प्रतिवेदन तयार पारेको उल्लेख गरेको छ ।



सरकारले गत वैशाख २ गते नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई एकीकृतरूपमा सञ्चालन गर्ने उद्देश्यले 'नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति (गठन आदेश), २०८२ स्वीकृत गरी सञ्चालनमा ल्याइसकेको जनाएको छ ।

साथै यस अवधिमा रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरी चारकिल्ला तोक्ने कार्य अन्तिम चरणमा रहेको, आन्तरिक हवाई सेवाको दायित्वसम्बन्धी विधेयक, २०८३ तर्जुमा गरेको, नेपालमा सञ्चालित सबै वायुसेवा कम्पनीहरूको हवाई टिकट अनलाइन प्रणालीबाट बिक्री गर्ने व्यवस्था मिलाएको मन्त्री पोखरेलको भनाइ छ । सोबाट टिकट खरिद बिक्री प्रणाली व्यवस्थित भएको तथा डिजिटल, पूर्वानुमानयोग्य र पारदर्शी टिकट प्रणाली कायम भई नागरिकको सहज र समान पहुँच कायम भएको उनको भनाइ छ ।

सरकारले १०० दिनमा पर्वतारोहण अनुमतिसम्बन्धी निवेदन, राजस्व, अनुमति प्रमाणपत्र, डिब्रिफिङ प्रतिवेदन र प्रमाणपत्रका साथै होटल तथा क्यासिनोलगायतका अधिकांश सेवा डिजिटल माध्यमबाट प्रवाह हुने व्यवस्थाको सुरुआत गरेको जनाएको छ ।

साथै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आगामी सेप्टेम्बरदेखि नियमित अन्तर ाष्ट्रिय उडान सुरु गर्नेगरी फ्लाई दुबईको 'समर' र 'विन्टर सिजन'को उडान तालिका स्वीकृत भइसकेको जनाएको छ । मन्त्री पोखरेलका अनुसार कर्णाली, सुदूरपश्चिमलगायत सम्बन्धित क्षेत्रका नागरिकलाई आवागमनमा सहजताका लागि नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थलमा एक/एकवटा र लुम्बिनीमा दुईवटा विद्युतीय बस सञ्चालनमा ल्याएको जनाएको छ । *रासस*

# बर्डफ्लु संक्रमणबाट सचेत र सुरक्षित हुन आग्रह

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकासहित देशभर १०० स्थानमा बर्डफ्लुको संक्रमण फैलिएपछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सबैलाई सचेत रहन आग्रह गरेको छ । मन्त्रालयले बर्डफ्लु संक्रमणबाट बच्न आवश्यक सतर्कता अपनाउँदै सुरक्षित रहन सबैलाई आग्रह गरेको हो ।

मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले काठमाडौं उपत्यकासहित मुलुकका १०० स्थानमा बर्डफ्लु फैलिएको भन्दै आवश्यक सतर्कता अपनाउन सबैलाई आग्रह गरे । उनका अनुसार संक्रमित, बिरामी वा मरेका पन्छीसँग प्रत्यक्ष सम्पर्क हुनेगरी काम/गतिविधि नगर्न सरोकार भएका सबैलाई आग्रह गरिएको छ ।

त्यस्तै पन्छीको मासु र अण्डा राम्रोसँग पकाएर मात्र खान, मृत पन्छी देखिएमा नजिकको पशु सेवा निकायमा जानकारी गराउन पनि मन्त्रालयले आग्रह गरेको छ । पशु सेवा विभागका अनुसार अहिलेसम्म ११ जिल्लाका १०० स्थानमा बर्डफ्लुको संक्रमण देखिएको छ ।

'बर्डफ्लु पन्छीमा लाग्ने इन्फ्लुएन्जा भाइरसबाट हुने संक्रामक रोग हो । कहिलेकाही संक्रमित पन्छीसँग प्रत्यक्ष सम्पर्कमा आएका मानिसमा पनि यसको संक्रमण सर्न सक्छ । तर व्यक्ति-व्यक्तिबीच सजिलै यो रोग सर्दैन,' डा. अधिकारीले भने ।

### कसरी सर्छ मानिसमा ?

संक्रमित पन्छीलाई छुँदा वा समात्दा, पन्छीको दिसा, सिगानसँग सम्पर्क हुँदा, संक्रमित पन्छी राख्ने स्थान सफा गर्दा र मरेको पन्छीको मासु खाँदा बर्डफ्लु मानिसमा सर्ने डा. अधिकारीले जानकारी दिए ।

ज्वरो आउनु, खोकी लाग्ने, घाँटी दुख्ने, श्वास फेर्न गाह्रो हुने, शरीर तथा मांसपेशी दुख्ने, अत्यधिक थकान महसुस हुने, वाकवाकी लाग्ने, वान्ता हुने वा पखाला लाग्नेजस्ता लक्षण देखिने गर्दछन् ।

# वैशाखयता विपद्जन्य घटनामा १२७ को मृत्यु, ७७३ घाइते

**काठमाडौं (प्रस)–** यस वर्ष सुरु भएपछि (वैशाख १ देखि १९ गतेसम्म) विपद्जन्य घटनामा १२७ नागरिकले ज्यान गुमाएका छन् । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार सो अवधिमा भएका कूल दुई हजार ७२१ विपद्जन्य घटनामा १२७ को मृत्यु भएको तथा ७७३ जना घाइते भएका छन् ।

ती विपद्मा तीन हजार ७२२ परिवार प्रभावित भएको पनि प्राधिकरणले शुक्रबार सार्वजनिक गरेको विपद् बुलेटिनमा उल्लेख छ । सबैभन्दा बढी सर्पदंशका ३९८ घटनामा परेर २३ जनाको मृत्यु भएको छ भने ३७५ जना घाइते भएका छन् ।

यस्तै लेक लागेका ५४ घटनामा २१ जनाको मृत्यु र ३४ जना घाइते तथा चटयाङ २०५ घटनामा १९ जनाको मृत्यु र ९८ जना घाइते भएका छन् ।

यस्तै सबैभन्दा बढी घटना भने आगलागीका भएका छन् । आगलागीका ८३० घटनामा १७ जनाको मृत्यु भएको छ भने १०० जना घाइते भएका छन् । जनावरको आक्रमणका १४७ घटनामा १४ जनाको मृत्यु र ८२ जना घाइते भएका छन् । हावाहुरीका ४७४ घटना भएका र ती घटनामा परेर १३ जनाको मृत्यु तथा ६७ जना घाइते भएका पनि प्राधिकरणले जानकारी दिएको छ ।

यस्तै बाढी, पहिरो, भारी वर्षा, ढुंगा पल्टिएर, वन डढेलो तथा हिउँ पहिरोमा परेर मानवीय क्षति भएको पनि प्राधिकरणले जानकारी दिएको छ । प्रवक्ता महतका अनुसार पछिल्लो २४ घण्टामामात्रै विभिन्न २७ जिल्लामा ३१ वटा विपद्का घटना भएका र ती विपद्मा परेर एक जनाको मृत्यु भएको तथा १५ जना घाइते भएका छन् ।

# बञ्चरेडाँडामा लैजाने फोहोरको मात्रा घटाउँदै कामपा

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले बञ्चरेडाँडामा लैजाने फोहोरको मात्रा घटाउन १० वटा वडाबाट वर्गीकरण गरिएको फोहोर व्यवस्थापन सुरु गरेको छ ।

वर्गीकरण गरी फोहोर लैजाने वडामा क्रमशः १२, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ गरी १० रहेका छन् । वातावरण विभाग प्रमुख सरिता राईले सुक्खा फोहोर मटेरियल रिकभरी फचासिलिटीमार्फत क्षेत्र नं. ७ बाट दैनिकरूपमा वर्गीकरण गरिएको फोहोर व्यवस्थापन कार्य सुरु गरिएको बताए ।

प्रमुख राईले भने, 'सहरभित्रको फोहोर स्रोतमा वर्गीकरण, ढुवानी, अन्तिम व्यवस्थापनको मात्रा घटाउनकै लागि कामपाले वर्गीकरण गरिएको फोहोर व्यवस्थापन गर्न थालेको छ ।' घरेलु फोहोरसँगै उत्पादन हुने सुक्खा फोहोर बिक्री गर्न आफ्नो भौगोलिक क्षेत्रलाई सात क्षेत्रमा वर्गीकरण गरेर फोहोर व्यवस्थापनको वैज्ञानिक विधि थालनी गरेको छ ।

घरेलु फोहोरलाई व्यवस्थित विसर्जन गर्न ३२ वटा वडालाई सात क्षेत्रमा विभाजन गरिएको छ । हरेक क्षेत्रमा एक/एक वटा फोहोरमैला स्थानान्तरण केन्द्र राखेर सुक्खा फोहोर व्यवस्थापनका लागि मेटेरियल रिकभरी सुविधा सञ्चालन गर्ने लक्ष्य कामपाको छ । फोहोरमैला वर्गीकरणबाट मात्रा न्यूनीकरण गर्न, पुनःप्रयोग, पुनःचक्रीय प्रयोग र विसर्जन कार्यलाई क्षेत्रगत आधार व्यवस्थापन गर्न फोहोरमैला संकलन र ढुवानीसम्बन्धी कार्यविधि २०८१ जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

सार्वजनिक-निजी साझेदारी वा निजी क्षेत्रसँग सेवा खरिद गरेर वा आय ठेक्काको प्रक्रियाबाट समुदायमा भएको फोहोरमैला संकलन, ढुवानी गर्न कार्यविधि जारी गरिएको हो । कामपाको वातावरण व्यवस्थापन विभागकी प्रमुख सरिता राईका अनुसार बञ्चरेडाँडाको आयु बढाउनका लागि कामपाले स्रोतमा फोहोरको वर्गीकरण र व्यवस्थापनको कार्य थालनी गरेको हो । हाल कामपाबाट दैनिक १५ ट्रक फोहोर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । यसअघि वर्गीकरणविना फोहोर लैजाँदा कामपाबाट दैनिक २० ट्रक जाने गरेको थियो । *रासस*

# नागरिकमैत्री सेवा प्रवाहमा प्राथमिकता

**काठमाडौं (प्रस)–** सरकारले सरकारी सेवा घरघर भन्ने अभियानलाई मूर्त रूप दिइ हुम्ला र भोजपुरबाहेक सबै जिल्लामा राहदानी घर दैलोमा पुऱ्याउने कार्यको थालनी गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको १०० दिने प्रमुख उपलब्धिहरू शनिबार सिंहदरबारबाट सार्वजनिक गर्दै सरकारका प्रवक्ता सस्मित पोखरेलले नागरिकमैत्री सेवा प्रवाह गरी नागरिकप्रति सरकारको विश्वास र भरोसा अभिवृद्धि गर्न सो कार्यको थालनी गरिएको बताए ।

प्रगति विवरणअनुसार हालसम्म दुई लाख छ हजार ३३० थान राहदानी हुलाकमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयसम्म ढुवानी गरिएको छ भने सम्बन्धित कार्यालयले पाँच हजार ७२८ थान राहदानी सेवाग्राहीको घरदैलोमा पुऱ्याइएको छ । सेवा प्रवाहलाई प्रभावकारी र नागरिकमैत्री बनाउन फ्रन्ट डेस्कमा काम गर्ने करिब ५०० कर्मचारीलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट तालिम दिइएको सरकारले जनाएको छ ।

कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता हुने कम्पनीहरूको स्थायी लेखा नम्बर र सोको प्रमाणपत्र सोही कार्यालयको साथै १२० स्थानीय तहबाट स्थायी लेखा नम्बरसहित करदाता सेवा प्राप्त गर्न सक्ने प्रबन्ध गरिएको विवरणमा जनाइएको छ । सरकारले छपाइ गर्न बाँकी सवारीचालक अनुमतिपत्र हालसम्म २३ लाख ७५ हजार १८१ थान छपाइ सम्पन्न भएको र यही असार मसान्तसम्म २९ लाख थान छपाइ सकिने सार्वजनिक विवरणमा जनाइएको छ ।

यसैगरी सबै जिल्ला प्रशासन कार्यालयबाट क्रमशः एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्न गठन गरिएको कार्यदलबाट प्राप्त सुझावबमोजिम हाल ३२ वटै जिल्लामा एकद्वार सेवा प्रणाली कार्यान्वयनका लागि बजेट व्यवस्था गरिएको जनाइएको छ ।

### असार मसान्तभित्र प्रतिवेदन बुझाउने

प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार एवं संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम शाहले यही असार मसान्तभित्र प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाउने तयारी भइरहेको जानकारी दिएका छन् ।

वर्तमान सरकार गठनको १०० दिनमा सम्पादन भएका प्रमुख उपलब्धि सार्वजनिक गर्न शनिबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उनले कार्यदलले आफ्नो काम गरिरहको बताए ।


**Shubhalabh**
Multipurpose Co-Operative Ltd.
Head Office : Satdobato, Lalitpur,
Tel No.01-5915264, 01 5915262, 01-5915280, 01-5913268, E-mail : shubha_mcl@ntc.net.np

**गैरबैंकिङ सम्पत्ति बिक्रीको लागि**
**गोप्य सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सूचना !**

*प्रथम प्रकाशित मिति २०८३/०३/२१ गते, आइतबार*

यस संस्थाको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित सम्पति (जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्ने हुँदा सो सम्पति (जग्गा) खरिद गर्न इच्छुक फर्म, व्यक्तिबाट आफूले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो रकम उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन** भित्र यस संस्थाबाट उपलब्ध गराइने फाराम भरी सिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिएको छ ।

**तपसिल**
**संस्थाको नाममा रहेका गैरबैंकिङ सम्पतिको विवरण :**

| क्र.सं. | जिल्ला | ग.वि.स/न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | ललितपुर | ईमाडोल | ९ | २७६ | २०४ व.मि. |

**सिलबन्दी बोलपत्रका शर्तहरू :**
१. गोप्य सिलबन्दी बोलपत्र सम्बनधी शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । सो शर्तहरू यसै सूचनाको अभिन्न अंग हुनेछन् ।
२. बोलपत्र फाराम संस्थाको कार्यालय सातदोबाटोबाट नगद रु.१०००/- जम्मा गरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ, साथै बोलपत्र फाराममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
३. बोलपत्र साथ आफुले कवोल गरेको मूल्यको कम्तीमा १०% रकम संस्थाको नाममा Good For Payment उल्लेख गरिएको चेक वा संस्थामा नगद जम्मा गरी वा एन.आई.सि एशिया बैंक लि. को खाता नं २७४१५०३९११५२४००१ मा जम्मा भएको नगदी भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. बोलपत्रका साथ बोलपत्र दाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी / संस्था भएमा दर्ता प्रमाणपत्र तथा कर चूक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन तल उल्लेखित स्थान र समयमा बोलपत्र दाता वा निजका प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. माथि उल्लेखित सम्पतिहरू निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको मुख्या कार्यालय सातदोबाटोमा सम्पर्क गरी निरीक्षण गर्न सकिनेछ ।
७. बोलपत्र स्वीकृत भए पछि संस्थाद्वारा प्रदान गरिने समय भित्र बोलकवोल गरेको सम्पुर्ण रकम बुझाई सम्पति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. स्वीकृत भएको बोलमत्र अनुसारको सम्पति बोलपत्र दाताको नाममा नामसारी, दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन पास दस्तुर, लाभ कर तथा अन्य सम्पूर्ण शुल्कहरू बोलपत्रदाता स्वयम्ले नै व्यहोर्न पर्नेछ ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिइने छैन । साथै धरौटी राखिएको रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित हुनेछ ।

**सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** : २०८३/०३/२९ गते, दिउँसो ३:०० बजेसम्म
**स्थान** : ललितपुर-१५, सातदोबाटो संस्थाको कार्यालय भवन
**सिलबन्दी बोलपत्र खोलिने मिति** : २०८३/०३/२९ गते, दिउँसो ४:०० बजे

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आशालाग्दा संकेत, अलमलिएको कार्यशैली

**प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले कार्यकालको पहिलो १०० दिन पूरा गरेको छ। कुनै पनि सरकारको सय दिनलाई अन्तिम मूल्यांकन गर्ने आधार मानिँदैन तर सरकार कुन दिशातर्फ अघि बढिरहेको छ भन्ने संकेत भने यस अवधिले अवश्य दिन्छ। यही अवधिलाई हेर्दा वालेन्द्र सरकारका केही कदम सकारात्मक देखिएका छन् भने केही कार्यशैलीले गम्भीर प्रश्न पनि उठाएका छन्।**

**वालेन्द्र सरकारले जनअपेक्षाअनुसार सुशासन, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवा प्रवाह सुधारलाई प्राथमिकतामा राखेको छ। अवैध सम्पत्तिको अनुसन्धान अगाडि बढाउने, प्रशासनिक पुनर्संरचनाको पहल गर्ने, अनलाइन सट्टेबाजी नियन्त्रण गर्ने, कर प्रशासनलाई व्यवस्थित बनाउने, वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्ने तथा सेवा प्रवाहलाई छिटो बनाउने प्रयासलाई सकारात्मकरूपमा लिन सकिन्छ। लामो समयदेखि राज्य संयन्त्रमा देखिएको ढिलासुस्ती र दण्डहीनताविरुद्ध सरकारले केही सन्देश दिन खोजेको देखिन्छ। यदि यी अभियान निष्पक्ष, कानुनी प्रक्रिया र संस्थागत आधारमा निरन्तर अघि बढ्छन् भने त्यसले सरकारप्रति नागरिकको विश्वास बढाउन सक्छ।**

**तर, सुशासनको अभियान प्रशासनिक कारबाही वा भ्रष्टाचारविरुद्धका घोषणालेमात्र सफल हुँदैन। लोकतान्त्रिक शासन प्रणालीमा सुशासनको अर्को महत्त्वपूर्ण आधार भनेको उत्तरदायी र पारदर्शी बन्नु हो। यसका साथै संवाद पनि अर्को महत्त्वपूर्ण पक्ष हो। यसमा प्रधानमन्त्री वालेन्द्र कमजोर देखिएका छन्। उनी संसद्प्रति उत्तरदायी देखिएका छैनन्। संसद् लोकतन्त्रको सर्वोच्च राजनीतिक मञ्च हो, जहाँ सरकारले आफ्ना निर्णयको औचित्य पुष्टि गर्नुपर्छ र जनप्रतिनिधिका प्रश्नको जवाफ दिनुपर्छ। तर, सरकारको कार्यशैली हेर्दा संसद्लाई विश्वासमा लिनेभन्दा कार्यकारी निर्णयलाई प्राथमिकता दिने प्रवृत्ति बलियो देखिएको छ।**

**यतिमात्र होइन, राष्ट्रपति, विपक्षी नेता, विभिन्न दलका नेतासँग संवाद नगर्नु उनको कमजोरी हो। लोकतन्त्रमा संवाद शक्ति हो। असहमतिकाबीच सहमति खोज्ने प्रक्रिया नै लोकतान्त्रिक संस्कार हो। तर, सरकारका कतिपय निर्णय पर्याप्त परामर्शविनै गरिएको भन्ने आलोचना बढ्दो छ। संविधान संशोधनजस्तो संवेदनशील विषयदेखि अन्य नीतिगत निर्णयसम्म पर्याप्त राजनीतिक परामर्श नभएको आरोपलाई सरकारले गम्भीररूपमा लिनुपर्छ।**

**त्यस्तै, सरकारका कतिपय निर्णयमा हतारो र अपरिपक्वताको झल्को देखिएको छ। राम्रो उद्देश्य भए पनि पर्याप्त तयारी र कानुनी आधारविना गरिएका निर्णयले अन्ततः सरकारकै विश्वसनीयतामा प्रश्न उठाउने जोखिम हुन्छ। लोकप्रियताभन्दा प्रक्रियालाई प्राथमिकता दिनु लोकतान्त्रिक शासनको आधारभूत आवश्यकता हो।**

**सरकारले दलीयकरण अन्त्य गर्ने र प्राज्ञिक तथा सार्वजनिक संस्थालाई राजनीतिक प्रभावबाट मुक्त बनाउने प्रतिबद्धता जनाएको थियो। तर, त्रिवि सेवा आयोग होस् वा विभिन्न संस्थान र निकायमा नियुक्ति गर्दा रास्वपाकरणमा सरकार लागेको देखिन्छ। प्रस्ट हो कि दलीयकरण अन्त्यको नारा सबैका लागि समानरूपमा लागू हुनुपर्छ। आफ्ना समर्थकका हकमा फरक मापदण्ड अपनाइयो भने त्यो सुधार होइन, अनुहार फेरिएको राजनीतिक अभ्यासमात्र हुन्छ।**

**त्यस्तै, सरकारले खर्च कटौती र मितव्ययिताको नीति अघि सारेको दाबी गरे पनि विभिन्न मन्त्रालयमा सल्लाहकारसहितको जम्बो टोली गठन गर्ने अभ्यासले त्यो दाबीसँग मेल खाँदैन। राज्यकोषमाथि अनावश्यक भार थप्ने गरी राजनीतिक नियुक्ति विस्तार गर्नु मितव्ययिताको सन्देशसँग विरोधाभासपूर्ण देखिन्छ। खर्च घटाउने नीति प्रशासनिक संरचनामामात्र होइन, आफ्नै राजनीतिक संयन्त्रमा पनि लागू हुनुपर्छ।**

**सय दिनमा सरकारले केही सकारात्मक संकेत दिएको छ। तर, ती उपलब्धिलाई दीर्घकालीन परिणाममा रूपान्तरण गर्न संवाद, संस्थागत प्रक्रिया, राजनीतिक सहकार्य र आत्मसंयम अपरिहार्य छन्। सुशासनको वास्तविक परीक्षा भ्रष्टाचारविरुद्धका अभियानमामात्र होइन, लोकतान्त्रिक संस्कार, उत्तरदायित्व र आफ्नै निर्णयमा समान मापदण्ड लागू गर्न सक्ने क्षमतामा पनि हुन्छ। यदि सरकारले यी कमजोरी सुधार्न सकेन भने १०० दिनमा देखिएका सकारात्मक प्रयासहरू पनि राजनीतिक विवाद र अविश्वासको छायाँमा ओझेल पर्न सक्छन्।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन्। त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ। कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ। रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ। तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन। उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ। समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन। यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ। तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ। नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस्। नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन्।

# बाल संरक्षणसम्बन्धी नीति, संयन्त्र र प्रभाव



❑ ज्ञानेन्द्र खड्का

> सरकारका तीनै तहमा बालबालिकाका लागि लगानी प्रवर्द्धन गर्न, कानुनले व्यवस्था गरेको संरचना, बाल कोष, बाल कल्याण अधिकारीको व्यवस्था, समाजसेवी तथा बाल मनोविज्ञको परिचालनका लागि राष्ट्रियरूपमा साझा र एकीकृत अभियान सञ्चालन गर्नु जरूरी छ। संघ, प्रदेश र स्थानीय तहको नीति र योजनालाई प्रभावकारी कार्यान्वयन गर्न गराउन र थप सहयोग पुऱ्याउन बालबालिकालक्षित कार्यक्रमहरु सञ्चालनका लागि विकास साझेदार, गैसस तथा निजी क्षेत्रसमेतको समन्वय, सहयोग र सहकार्य अति आवश्यक छ।

नेपालमा बालबालिकाबारे कानुनबाटै परिभाषित मापदण्ड छ। नेपालको कानुन र अन्तर्राष्ट्रिय मान्यताअनुसार १८ वर्ष पूरा नभएका हरेक नाबालिग व्यक्तिलाई बालबालिका भनिन्छ। बालबालिकासम्बन्धी ऐन, २०७५ ले १८ वर्षभन्दा तलका सबै बालक-बालिकालाई 'बालबालिका'का रूपमा परिभाषित गरेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार १८ वर्षमुनिका बालबालिकाका एक करोड पाँच लाख छन्। नेपालमा बालबालिका जम्मा जनसंख्याको करिब ३६ प्रतिशत छन्। बालकहरूको संख्या बालिकाभन्दा केही धेरै छ। पाँचदेखि १७ वर्ष उमेर समूहका करिब सात लाख ७० हजार विद्यालय जाने उमेरका बालबालिका अझै शिक्षाबाट वञ्चित छन्। कूल जनसंख्यामा प्रत्येक तीन जनामध्ये करिब एक जना बालबालिका छन्।

यी उमेर समूहका आधारमा स्वास्थ्य, शिक्षा, पोषण, बालश्रम र बाल संरक्षणसम्बन्धी समस्या छन्। राष्ट्रिय तथ्यांक विभागका अनुसार नेपालमा अझै पनि ३१ हजार ५१२ घरपरिवारमा बालबालिका नै अभिभावकीय भूमिकामा छन्। अर्थात्, उनीहरूले सानैदेखि श्रम गर्नेदेखि घरको सबै काम पनि धान्नुपर्ने बाध्यता छ। अर्कातिर पाँच वर्षभन्दा तलका करिब २५ प्रतिशत बालबालिकामा पुड्कोपना छ। आठ प्रतिशत बालबालिका पर्याप्त खानपान र पोषण अभावमा ख्याउटेपनाको समस्या भोगिरहेका छन्। देशभरका विभिन्न बालगृह तथा संरक्षण केन्द्रहरूमा अझै पनि १५ हजार बालबालिका आश्रित रहेका केन्द्रीय तथ्यांक विभागले जानकारी दिएको छ।

नेपालको संविधान, २०७२ को संवैधानिक हकअन्तर्गत संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ। यसमा हरेक बालबालिकालाई जन्मदर्ता, शिक्षा, स्वास्थ्य, पालनपोषण र उचित स्याहार पाउने हक छ। नेपाल पक्षराष्ट्र रहेको बालअधिकारसम्बन्धी महासन्धि (युएनएचसिआर)ले पनि १८ वर्ष मुनिकालाई बालबालिकाको मान्यता दिएर संरक्षणको पूरा अधिकार प्रदान गरेको छ। राज्यले अनाथ, अपांगता भएका, द्वन्द्वपीडित र जोखिममा परेका बालबालिकाको संरक्षणका लागि विशेष व्यवस्था गरेको छ।

## के छ अवस्था ?

पछिल्लो केही वर्षयता बालबालिकाको पोषण, बालविवाह, बालबालिकाविरुद्धका घटनालगायतका अवस्थामा सुधार देखिएको छ। राष्ट्रिय बालअधिकार परिषद्ले उपलब्ध गराएको तथ्यांकअनुसार ती क्षेत्रमा सुधार आएको हो।

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गरेको ३३ वर्ष भइसकेको छ। नेपालको तर्फबाट २०४७ साल भदौ २९ गते (सेप्टेम्बर १४, १९९०) विनासर्त अनुमोदन गरी बालअधिकार सुनिश्चितताका लागि प्रतिबद्धता जनाइएको थियो। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ। महासन्धिअनुरूप नेपालले संविधान, कानुन, नीति, योजना, संस्थागत संयन्त्र र कार्यक्रममा सुधार गर्दै बालअधिकार सुनिश्चित गर्नेतर्फ काम गरिरहेको छ।

नेपालमा बालबालिकाको अधिकार र हकहितको संरक्षणमा विशिष्टीकृत निकायका रूपमा राष्ट्रिय बालअधिकार परिषद् रहेको छ। परिषद्का सदस्यसचिव दुर्गाप्रसाद चालिसेकाअनुसार परिषद्लाई प्राप्त कार्यदेशबमोजिम बालबालिकासम्बन्धी कानुन, नीति र योजना निर्माणमा सहयोग तथा सहजीकरण एवं बालअधिकार संरक्षण र प्रवर्द्धनको काम भइरहेको छ। बालबालिकाको अवस्थामा सुधार ल्याउन तीनै तहका सरकार, विकास साझेदार, गैरसरकारी क्षेत्र र नागरिक समाजबीच सहकार्यको आवश्यकता रहेको उनी बताउँछन्।

## बाल स्वास्थ्यको अवस्था

नेपालले विगत दुई दशकमा बाल स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार गरेको तथ्यांक छ। खोप कार्यक्रमको विस्तार, संस्थागत सुत्केरी सेवा, नवजात शिशु उपचार, पोषण कार्यक्रम र समुदायमा आधारित स्वास्थ्य सेवाले बाल मृत्युदर घटाउन भूमिका खेलेका छन्। बालअधिकार परिषद्का अनुसार कुपोषण, रक्तअल्पता (एनिमिया), कम तौलका शिशु, दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अझै चुनौती बनेका छन्।

## नवजात, शिशु तथा पाँच वर्षमुनिको मृत्यु

परिषद्को २०८२ मा सार्वजनिक प्रतिवेदनअनुसार नेपालमा नवजात, शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर निरन्तर घट्दो क्रममा छ। सुरक्षित प्रसूति, नियमित खोप, स्तनपान प्रवर्द्धन र आधारभूत स्वास्थ्य सेवाको विस्तारले यसमा योगदान गरेको छ। तर नवजात शिशुको मृत्यु अझै पाँच वर्षमुनिको कूल मृत्युमध्ये ठूलो हिस्सा ओगटेको छ, जसले जन्मपछिको पहिलो २८ दिनमा विशेष ध्यान आवश्यक रहेको भनेको छ।

## खोप सेवा

नेपालको राष्ट्रिय खोप कार्यक्रम दक्षिण एसियामै सफल कार्यक्रममध्ये एक मानिन्छ। यस कार्यक्रमबाट अधिकांश बालबालिकाले आधारभूत खोप प्राप्त गर्ने अवस्था पुगेको छ। दादुरा-रुबेला, पोलियो, बिसिजी, पेन्टाभ्यालेन्टलगायतका खोप कार्यक्रम नियमित सञ्चालनमा छन्। दुर्गम क्षेत्रमा पनि खोप पहुँच विस्तार गर्ने सरकारको प्रयास कायमै छ।

## पोषणको अवस्था

नेपालका बालबालिकामा अझै पनि कुपोषणको समस्या छ। यसले ख्याउटेपन, दुब्लो र कमजोर शरीर लिएर बालबालिका बाँचिरहेको देखिन्छ। होचोपन, कम तौल, दुब्लोपन, सूक्ष्म पोषक तत्त्वको कमी, रक्तअल्पता जस्ता समस्या छन्। विशेषगरी गरिब, दुर्गम र खाद्य असुरक्षा भएका समुदायका बालबालिकामा यी समस्या बढी देखिन्छन्। राउटे, चेपाङसहितका पिछडिएका जातिहरूका बालबालिकामा अझै यो समस्या कायमै छ।

## बाल संरक्षणसम्बन्धी नीति

नेपालको संविधान, २०७२ ले बालबालिकाको बाँच्न पाउने, विकास, संरक्षण र सहभागिताको अधिकार सुनिश्चित गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ बाल संरक्षणको प्रमुख कानुन हो। यसले हिंसा, शोषण, बेचबिखन, बालविवाह, बालश्रम र दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय बालअधिकार परिषद्ले नेपालमा बालअधिकारको संरक्षण, अनुगमन, समन्वय र नीतिको कार्यान्वयनमा प्रमुख निकायका रूपमा काम गरिरहेको छ। स्थानीय तहमा बाल संरक्षण समिति, बाल हेल्पलाइन, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा तथा सामाजिक सेवा संयन्त्रमार्फत जोखिममा परेका बालबालिकालाई संरक्षण गर्ने व्यवस्था गरिएको छ। नेपालले राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि (सिआरसी) अनुमोदन गरेपछि त्यसअनुसार राष्ट्रिय नीति तथा कानुनहरू निर्माण र परिमार्जन गर्दै आएको छ।

## बालबालिकाको क्षेत्रमा क्रियाशील संयन्त्र

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्, सातै प्रदेश सरकार, स्थानीय तह (नगरपालिका/गाउँपालिका), स्थानीय बालअधिकार समिति, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र), सरकारी वकिल कार्यालय, बाल इजलास/अदालत, बाल सुधार गृह, बाल गृह, बाल हेल्पलाइन नम्बर १०९८, स्वास्थ्य संस्था, विद्यालय, गैरसरकारी संस्था तथा विकास साझेदारलगायतका संयन्त्र बालबालिकाको क्षेत्रमा क्रियाशील रहेका छन्।

बाल संरक्षणमा काम गर्ने सरकारीदेखि गैरसरकारी संस्थाहरूले सकारात्मक प्रभाव पारेका छन्, तर अपेक्षितस्तरमा परिणाम प्राप्त हुन अझै बाँकी रहेको राष्ट्रिय मानवअधिकार आयोगले २०८२ सालमा जारी गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

## मुख्य प्रभावः

**१. बाल उद्धार र संरक्षण सेवा विस्तार**

हिंसा, दुर्व्यवहार, बेचबिखन र बेवास्तामा परेका बालबालिकाहरूको उद्धार तथा तत्काल संरक्षणमा सुधार आएको छ। जसले समस्यामा परेका बालबालिकाको बालअधिकार रक्षा र संरक्षण अभियान प्रभावकारी हुँदै गएको छ। बाल हेल्पलाइन १०९८, स्थानीय सरकार र नेपाल प्रहरीबीच समन्वय बढ्दा धेरै बालअधिकारका घटनाहरूमा राज्य संयन्त्रले सकेसम्म छिटो हस्तक्षेप गर्न थालेका छन्। जसले बालअधिकार हननमा परेकाहरूलाई यथाशक्य राहत र न्यायिक उपचार मिल्ने गरेको छ।

**२. बालअधिकारप्रति जनचेतना वृद्धि**

सरकारी र गैरसरकारी क्षेत्रबाट भएका सामूहिक प्रयासले बालविवाह, बालश्रम, शारीरिक यातना/सजाय र बाल हिंसाविरुद्ध जनचेतना बढेको छ। जसले मानिसहरूमा बालअधिकार पालना गर्नुपर्ने चेतना पनि अभिवृद्धि हुन सम्भव भएको छ। विद्यालय, स्थानीय सरकार र समुदायस्तरमा बालअधिकारसम्बन्धी कार्यक्रमहरू विस्तार भएका छन्।

**३. कानुनी संरक्षण बढ्दै**

बालमैत्री न्याय प्रणाली, बाल इजलास र कानुनी सहायता सेवाले पीडित बालबालिकाहरूलाई न्यायमा पहुँच बढाउन सहयोग गरेका छन्। बालअधिकार उल्लंघनका घटनामा उजुरी गर्ने प्रवृत्ति बढेको पनि राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले उल्लेख गरेको छ।

**४. पुनःस्थापना सेवामा सुधार**

जोखिममा परेका बालबालिकाहरूलाई बालगृह, मनोसामाजिक परामर्श, शिक्षा र परिवारमा पुनर्मिलनजस्ता सेवा उपलब्ध गराउने व्यवस्था विस्तार भएको छ।

## मुख्य चुनौती

नेपालमा अझै पनि बालबालिका बेचबिखन, घरेलु श्रमिक, मजदुरसहित कुपोषणको समस्या पूर्णरूपमा नियन्त्रणमा आउन सकेको छैन। दुर्गम र विपन्न समुदायमा स्वास्थ्य र शिक्षाको सेवाको पहुँच असमान हुँदा यस्तो हुन गएको हो। गुणस्तरीय मातृ तथा नवजात सेवा सबै क्षेत्रमा समान रूपमा उपलब्ध छैनन्। किशोर मानसिक स्वास्थ्य सेवा अझै सहरी क्षेत्रमा सीमित छ। जलवायु परिवर्तन, प्राकृतिक विपद् र आर्थिक असमानताले बाल स्वास्थ्यमा थप जोखिम बढाइरहेका छन्।

नेपालले बाल स्वास्थ्यमा उल्लेखनीय प्रगति गरेको छ। तर पनि कुपोषण, नवजात स्वास्थ्य र सेवा पहुँचमा रहेको असमानता हटाउन अझै निरन्तर लगानी र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको राष्ट्रिय बालअधिकार परिषद्का सचिव चालिसे बताउँछन्। सबै स्थानीय तहमा स्थानीय बालअधिकार समिति प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेका छैनन्। दक्ष जनशक्ति र बजेटको अझै पनि अभाव छ। विभिन्न सरकारी निकाय र गैरसकारी संस्थाहरूबीच समन्वय अझै कमजोर छ। जसले बालअधिकार हनन भएका स्थानमा तत्काल राहत र उद्धार अभियान पुग्न कठिन भइरहेको छ। बाल हिंसा र बालश्रमका धेरै घटना अझै पनि राज्यका निकायसम्म रिपोर्ट नै हुँदैनन्। दुर्गम र सीमान्तकृत समुदायका बालबालिकाले राज्यका निकाय र गैरसरकारी संस्थाका सेवा समानरूपमा पाउन सकेका छैनन्। बालअधिकार हननमा परेर कानुनी र स्वास्थ्य उपचारपछि पुनःस्थापना गरिएका बालबालिकाहरूको दीर्घकालीन अनुगमन प्रभावकारीरूपमा हुन सकेको छैन।

## सुधार प्रयास

बाल संरक्षण प्रणालीको कानुनी र संस्थागत आधार विगत केही वर्षयता नेपालमा बलियो बनेको छ। संघ, प्रदेश र स्थानीय तहमा संरचनाहरू तलैसम्म विस्तार भएका छन्। यसले बालबालिकाको उद्धार, संरक्षण र अधिकार प्रवर्द्धनमा सकारात्मक योगदान दिएको छ। तर प्रभावकारिता अझ बढाउन पर्याप्त बजेट, दक्ष जनशक्ति, नियमित अनुगमन, अन्तरनिकाय समन्वय र स्थानीय तहको क्षमता अभिवृद्धि आवश्यक छ।

सन् १९९६ देखि २०२२ सम्मको तुलना गर्दा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरप्रति एक हजार जीवित जन्ममा ११८ थियो। अब त्यसबाट घटेर ३३ मा झरेको छ भने नवजात शिशु मृत्युदर जीवित जन्ममा ५० बाट घटेर २१ र शिशु मृत्युदर ७८ बाट घटेर २८ पुगेको छ। ख्याउटेपन, कमतौल र पुड्कोपन भएका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशत क्रमशः ११, ४३ र ५७ प्रतिशतबाट सन् २०२२ मा क्रमशः ८, १९ र २५ प्रतिशतमा झरेको छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्यांकअनुसार १५-१९ वर्षका १४ प्रतिशत किशोरीले उमेर नपुगी गर्भधारण गरेको देखिन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रतिवेदन २०७९ अनुसार शैक्षिकसत्र २०७८ देखि २०७९ सम्मको एक वर्षको अन्तरमा सामुदायिक र संस्थागत प्रारम्भिक बालविकास केन्द्रको संख्या ३६ हजार ४९८ बाट बढेर ४० हजार ११८ पुगेको छ।

प्रतिवेदनअनुसार शैक्षिकसत्र २०७९ मा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकको भर्नादर ९४.९ प्रतिशत पुगेको छ। पाँच वर्षमुनिका कूल ३० लाख सात हजार ६४८ जना बालबालिकामध्ये २२ लाख २६ हजार ७१५ जना (७४ प्रतिशत) बालबालिकाको जन्मदर्ता भएको देखिएको छ। त्यही उमेर समूहका सात लाख ८० हजार ९३३ जना बालबालिकाको जन्मदर्ता नभएको देखिएको छ।

नेपालमा सबै अवस्थाका बालबालिकाको आधारभूत आवश्यकता तथा अधिकार परिपूर्तिका लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था छन्। नेपालको संविधानको धारा ५१ मा राज्यको नीतिअन्तर्गत बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रूपमा लिइएको छ। धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था गरिएको छ। बालबालिकाको लागि विशिष्टीकृत ऐनको रूपमा बालबालिकासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ।

तर अझै पनि बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सहज पहुँच नहुनु, अपेक्षितरूपमा बालमैत्री वातावरणको विकास गर्नु, बालश्रम, सडक बालबालिका, बाल विवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसारसपसारजस्ता सवाल अन्त्य गर्नु, असहाय, अनाथ तथा अपांगता भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापन सुनिश्चित गर्नुपर्ने चुनौती अझै छन्।

बालअधिकारको सुनिश्चितताका लागि नेपालले हासिल गरेका उपलब्धि अझै पर्याप्त छैनन्। बालअधिकारका क्षेत्रमा विगतका असल अभ्यासलाई निरन्तरता दिँदै बालसंरक्षण, विकास तथा अधिकार प्रवर्द्धनमा देखिएका समस्याको उचित सम्बोधनको खाँचो छ। अबका नवीनतम् चुनौतीको सामना र उपलब्ध अवसरको सदुपयोग गर्दै सरकारी र गैरसरकारी क्षेत्रका सम्बद्ध सरोकारवाला मिलेर बढ्नुपर्ने चुनौती कायमै रहेको सरकारी अधिकारीहरू नै बताउँछन्।

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नु, बाल श्रम, बालविवाह, बालबालिकाविरुद्ध हुने हिंसा, बाल यौनजन्य दुर्व्यवहार र विभेद, बालबालिकाको बेचबिखन तथा गैरकानुनी ओसार पसारलगायतका घटनाहरूको सरल, सहज र तत्काल व्यवस्थापन गर्नु, अनाथ तथा अपांगता भएका र एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण गर्नेजस्ता कार्य चुनौतीकै रूपमा छन्। साथै, बालअधिकार उल्लंघनबाट पीडित बालबालिकाको न्यायमा पहुँच र दोषी उपरको अभियोजनलाई थप प्रभावकारी बनाउनु अति आवश्यक छ।

सरकारका तीनै तहमा बालबालिकाका लागि लगानी प्रवर्द्धन गर्न, कानुनले व्यवस्था गरेको संरचना, बाल कोष, बाल कल्याण अधिकारीको व्यवस्था, समाजसेवी तथा बाल मनोविज्ञको परिचालनका लागि राष्ट्रियरूपमा साझा र एकीकृत अभियान सञ्चालन गर्नु जरुरी छ। संघ, प्रदेश र स्थानीय तहको नीति र योजनालाई प्रभावकारी कार्यान्वयन गर्न गराउन र थप सहयोग पुऱ्याउन बालबालिकालक्षित कार्यक्रमहरू सञ्चालनका लागि विकास साझेदार, गैसस तथा निजी क्षेत्रसमेतको समन्वय, सहयोग र सहकार्य अति आवश्यक छ।



**महाकालीमा गाइडबण्ड पुनर्निर्माण गर्दै सेना**
कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ स्थित महाकाली नदीमा चार लेनको पक्की पुलसँगै बनेको गाइडबण्ड पुनर्निर्माणमा खटिएको नेपाली सेनाको टोली । गत वर्ष नदीमा आएको बाढीले गाइडबण्डमा क्षति पुऱ्याएपछि नेपाली सेना त्यसको संरक्षणमा खटिएको हो । तस्बिरः रासस

### बोपुङको वासिङ पहिरो

## बर्सेनि उठीबास हुँदै आसपासका स्थानीयवासी

**खोटाङ–** जन्तेढुंगा गाउँपालिका-२ बोपुङको वासिङ पहिरोले बर्सेनि स्थानीयवासीलाई उठीबास बनाउँदै आएको छ । एक शताब्दीभन्दा पहिलेदेखि सुरु भएको बोपुङको वासिङ पहिरो अहिले पनि रोकिएको छैन ।

बुँवाखोलाबाट सुरु भएको पहिरो १९९० सालको महाभूकम्पभन्दा पहिले नै सुरु भएको पितापुर्खाहरूले बताउँदै आएको स्थानीय वृद्ध दीर्घमान राईले जानकारी दिए । 'एक शताब्दीभन्दा पहिले सुरु भएको वासिङ पहिरोले दर्जनौं घर तथा सयौं रोपनी खेतबारी बगाइसकेको छ । यो पहिरोको यकीन क्षतिको विवरण अहिलेसम्म कसैसँग छैन । तर, बर्सेनि मानिसको घरबास उठाएको छ,' उनले भने, 'लामो समयअघिदेखि झर्न थालेको पहिरो रोकथाममा कसैले चासो दिएको छैन । ठूलो क्षेत्र ओगटेर बर्सेनि झरिरहने पहिरो अब रोकिने अवस्था पनि छैन ।'

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने जन्तेढुंगा गाउँपालिका-१ देविस्थान र वडा नं २ बोपुङको सिमाना भएर बग्ने बुँवाखोलामा खसेको पहिरोले अहिलेसम्म मानवीय क्षति नगरे पनि खोलाकिनारका खेतबारीलाई बगरमा परिणत गरेको पाइएको छ । खेती गर्दै आएको धान खेत पहिरोले पुरेपछि उनीहरू बसाइँ सरेर अन्यत्र गएका छन् ।

वासिङ पहिरोले हुवाला र युराङका स्थानीयवासीले वर्षौंअघिदेखि आवतजावत गर्न प्रयोग गर्दै आएको गोरेटो बाटोसमेत बगाएको युराङ निवासी वृद्ध दीर्घमानले जानकारी दिए । 'पहिरो खसेको ठाउँमा पानीको मुहान छ । वर्षात्को समयमा पानी बगिरहने भएकाले अहिले पनि पहिरो झरिरहेको छ,' उनले भने, 'धेरै वर्षा भएको समयमा माथिबाट खसेको पहिरोले बुँवाखोलासमेत थुनिने गर्छ । खोला थुनिएको अवस्थामा तल्लो क्षेत्रका स्थानीयवासीलाई समेत जोखिममा पार्ने गरेको छ ।'

वासिङ पहिरोको कारण आसपासका स्थानीयवासी वर्षात् सुरु हुनासाथ चिन्तित बनेर दिन तथा रात बिताउन बाध्य छन् । करिब एक किलोमिटर क्षेत्रमा फैलिएर खसेको पहिरोका कारण धेरै मानिस आफ्नो पुर्ख्यौली थातथलो छाड्दै बसाइँ सरेर पूर्वी तराईका विभिन्न जिल्लामा घर निर्माण गरेर बस्दै आएका छन् ।

वासिङ पहिरोभन्दा करिब २०० मिटरमाथि सञ्चालित विजय आधारभूत विद्यालयसमेत जोखिममा रहेको विद्यालयका प्रधानाध्यापक वीरेन्द्र राईले जानकारी दिए । 'विद्यालयभन्दा केही तल डुम्रीबोटे र युराङ गाउँ छ । त्यो गाउँ नजिकैसम्म पहिरो आइसकेको छ,' उनले भने, 'कुन बेला के हुन्छ भन्ने पत्तो छैन । पहिरो नरोकिएकाले जुनसुकै बेला जे पनि हुनसक्छ । सबैले सतर्कता अपनाउन जरुरी छ ।'

टाढाबाट हेर्दा डमरु आधारको देखिने वासिङ पहिरोले साबिक बोपुङ गाउँ विकास समिति (गाविस)को वडा नं ८ वासिङ र वडा नं ९ युराङमा सबैभन्दा बढी क्षति गरेको जनाइएको छ । वासिङ पहिरोको बीच भागमा बसोबास गर्दै आएका १५ घर स्थानीयवासी तल्लो क्षेत्रमा पहिरो सुरु हुनासाथ अन्यत्र सरेर गएको स्थानीयवासीले बताएका छन् । *रासस*

# शुक्लाफाँटाको १० वर्षे नगर शिक्षा योजनाः मस्यौदामाथि छलफल

■ **राजेन्द्रप्रसाद पनेरु**

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकाले आगामी १० वर्षका लागि तयार गरेको नगर शिक्षा योजना (२०८३-२०९३) को मस्यौदामाथि सरोकार भएका निकायबाट राय, सुझाव संकलनका लागि छलफल सुरु गरेको छ ।

नगरपालिकाले शिक्षा क्षेत्रको दीर्घकालीन विकास, गुणस्तर सुधार तथा समयानुकूल शैक्षिक प्रणाली विकास गर्ने उद्देश्यले तयार गरेको मस्यौदामाथि सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नगर कार्यपालिका, नगर शिक्षा समिति, शिक्षक, अभिभावक तथा शिक्षाविद्हरूसँग छलफल अघि बढाएको हो ।

नगर शिक्षा शाखाका प्रमुख टीकेन्द्रराज भट्टले शिक्षा योजना निर्माणका लागि पाँच सदस्यीय कार्यदल गठन गरी विगत केही महिनादेखि आवश्यक अध्ययन, अनुसन्धान तथा सुझाव संकलन गरी मस्यौदा तयार गरिएको बताए । उनका अनुसार नगरभित्रका प्रत्येक विद्यालयमा पुगेर अभिभावक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिसँग प्रत्यक्ष छलफल गरी सुझाव लिइएको छ ।

साथै विद्यालय सुधार योजना, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका शिक्षासम्बन्धी नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६ तथा शिक्षा क्षेत्रका विद्यमान कानुनी व्यवस्थालाई आधार बनाएर मस्यौदा तयार गरिएको शाखा प्रमुख भट्टले जानकारी दिए । 'सरोकार भएका निकायका प्रतिनिधिबाट प्राप्त सुझावलाई समेट्दै योजनालाई अन्तिम रूप दिएर कार्यान्वयनमा लैजाने तयारी गरेका छौं,' उनले भने ।

नगरप्रमुख रणबहादुर महराले गुणस्तरीय शिक्षा समृद्ध नगर निर्माणको आधार भएकाले आगामी दशकलाई लक्षित गरी व्यावहारिक, कार्यान्वयनयोग्य र परिणाममुखी शिक्षा योजना तयार गरिएको बताए । उनले शिक्षामा गरिएको लगानी भविष्यको समृद्धिमा गरिएको लगानी भएकाले नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गरे ।

'कागजमा सीमित योजना बनाउन चाहँदैनौं, आगामी १० वर्षभित्र शुक्लाफाँटाका सामुदायिक विद्यालयलाई गुणस्तरीय, प्रविधिमैत्री र प्रतिस्पर्धी बनाउनेगरी कार्यान्वयनयोग्य योजना तयार गरेका छौं,' नगरप्रमुख महराले भने । उनका अनुसार नगरपालिकाले आधुनिक प्रविधिको प्रयोग, सीपमूलक शिक्षा, स्थानीय पाठ्यक्रम, शिक्षक क्षमता विकास र विद्यालयको भौतिक पूर्वाधार सुधारलाई प्राथमिकतामा राख्दै योजना कार्यान्वयन गर्ने छ ।

नगर उपप्रमुख कल्पना पन्तले शिक्षा योजना निर्माणमा सबै सरोकार भएका निकायको सक्रिय सहभागिता सुनिश्चित गरिएको बताउँदै प्राप्त सुझावका आधारमा योजनालाई थप परिमार्जन गरी अन्तिम रूप दिइने जानकारी दिइन् । उनले बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण नगरपालिकाको मुख्य लक्ष्य रहेको बताइन् ।

'विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, शिक्षकको क्षमता अभिवृद्धि, विद्यालय व्यवस्थापन सुदृढीकरण र अभिभावकको सहभागिता बढाउने विषयलाई योजनाले विशेष प्राथमिकता दिएको छ,' उपप्रमुख पन्तले भनिन् । योजनाको सफल कार्यान्वयनका लागि सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको उनको भनाइ थियो ।

नगर शिक्षा तर्जुमा समितिका संयोजक रमेशबहादुर ऐरले सामुदायिक तथा संस्थागत विद्यालयबीचको गुणस्तरीय शिक्षाको अन्तर घटाउने, प्रविधिमैत्री तथा बालमैत्री शिक्षा प्रणाली विकास गर्ने उद्देश्यले विद्यालयहरूको नक्सांकन र अवस्थाको मूल्यांकन गरिएको जानकारी दिए । उनले स्थानीय आवश्यकता र सम्भावनाअनुसार शिक्षा नीति निर्माण गरिने बताए ।

छलफल कार्यक्रममा लालझाडी गाउँपालिकाका युवा, शिक्षा तथा खेलकुद शाखा प्रमुख एवं कार्यक्रमका सहजकर्ता सिद्धराज भट्टले नगरपालिकाको शिक्षा योजना जीवनोपयोगी, सीपमूलक, सहभागितामूलक तथा व्यावहारिक हुनुपर्नेमा जोड दिए । उनले योजनामा गणित पार्क निर्माण, विद्यालय भान्सा सुधार, विपद् तथा आपतकालीन अवस्थामा शिक्षा निरन्तरता, सूचना प्रविधिमा सबैको पहुँच, सुशासन तथा व्यवस्थापन, स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा मूल्यांकन र स्रोत व्यवस्थापनलाई स्पष्टरूपमा मस्यौदामा समेटिएको बताए ।

नगरपालिकाले 'प्रविधिमैत्री, गुणस्तरीय र सुरक्षित शैक्षिक वातावरण अभिवृद्धि, शुक्लाफाँटा नगरपालिकाको समृद्धि' भन्ने दूरदृष्टि राख्दै आर्थिक वर्ष २०८३/८४ देखि २०९२/९३ सम्म लागू हुने शिक्षा योजनाको मस्यौदा तयार गरेको छ । योजनाको दीर्घकालीन सोच 'गुणस्तरीय, समावेशी, प्रविधिमैत्री, सीपमूलक र रोजगार मुखी शिक्षामार्फत सक्षम, नैतिक र प्रतिस्पर्धी नागरिक निर्माण' रहेको छ ।

योजनाले सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्ने, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने, प्रविधिमैत्री शिक्षाको विस्तार गर्ने, सीप तथा रोजगार मुखी शिक्षा प्रवर्द्धन गर्ने, प्रारम्भिक बाल विकासलाई गुणस्तरीय बनाउने, विद्यालय छाड्ने दर घटाउने, शिक्षकको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने तथा सबै विद्यालयमा सुरक्षित र बालमैत्री वातावरण सुनिश्चित गर्ने लक्ष्य लिएको नगर शिक्षा तर्जुमा समितिका संयोजक ऐरले बताए ।

उनका अनुसार योजनाअन्तर्गत बाल विकास केन्द्र सुदृढीकरण, नमूना विद्यालय विकास, डिजिटल कक्षा सञ्चालन, विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना, शिक्षक क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, खेलकुद, कला तथा संस्कृति प्रवर्द्धन, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी शिक्षा कार्यक्रम सञ्चालन गरिने मस्यौदामा प्रस्ताव गरिएको छ ।

नगरपालिकाका शिक्षा अधिकृत सुरेश भट्टका अनुसार शिक्षा योजना तीन चरणमा कार्यान्वयन गरिने छ । पहिलो चरण (२०८३-२०८५) मा आधार निर्माण, दोस्रो चरण (२०८६-२०८९) मा शैक्षिक गुणस्तर अभिवृद्धि तथा तेस्रो चरण (२०९०-२०९३) मा दिगोपन र उत्कृष्टतामा जोड दिइने छ ।

योजनाको प्रभावकारी कार्यान्वयनबाट आगामी १० वर्षभित्र शतप्रतिशत विद्यालय भर्ना, विद्यालय छाड्ने दर दुई प्रतिशतभन्दा कममा सीमित गर्ने, सबै विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराउने, सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गर्ने, सुरक्षित विद्यालय भवन, स्वच्छ खानेपानी र शौचालयको व्यवस्था सुनिश्चित गर्ने तथा माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजामा उल्लेखनीय सुधार ल्याउने लक्ष्य राखिएको अधिकृत भट्टले जानकारी दिए । *रासस*

# गौरव र पहिचान बन्दै हेटौंडाको सहिद स्मारक


■ **वासुदेव पौडेल**

**बागमती–** बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका-११ स्थित सहिद स्मारक यतिखेर नेपालको गौरव र हेटौंडाको पहिचानका रूपमा चासो र चर्चा कमाएको छ । हेटौंडाको दर्शनीयस्थलका रूपमा स्थापित यो गन्तव्यले हेटौंडा आउने स्वदेशी एवं विदेशी पर्यटकलाई आकर्षित गरिरहेको छ ।

विभिन्न शैक्षिक संस्थाको अवलोकन भ्रमणसँगै व्यक्तिगतरूपमा हेटौंडामा घुम्न आउने पर्यटकका लागि पनि यो नछुटाउने गन्तव्यजस्तै बनिरहेको स्मारकका व्यवस्थापक रामचन्द्र न्यौपानेले जानकारी दिए । विशेषतः सार्वजनिक विदाका दिनमा ठूलो संख्यामा पर्यटकहरू आउने गरेको जानकारी दिँदै उनले नयाँ वर्षको दिनमा त यहाँ ३० हजारसम्म पर्यटक आउने गरेको बताए । 'पछिल्ला समयमा यो स्मारक नेपालकै गौरव र हेटौंडाको पहिचान बनिरहेको छ,' उनले भने, 'बढ्दो पर्यटकीय आकर्षणसँगै पूर्वाधार विकासलाई पनि उच्च प्राथमिकतामा राखेर कामहरू अघि बढाइएको छ ।'

हरेक दिन बिहान ६:०० बजेदेखि बेलुका ९:०० बजेसम्म स्मारक खुला हुने गरेको स्मारकका कर्मचारी दुर्गा सुनारले जानकारी दिए । उनका अनुसार स्मारक घुम्न आउने पर्यटकका लागि विभिन्न दरका टिकट दस्तुर निर्धारण गरिएको छ । नेपाली सर्वसाधारणका लागि प्रतिव्यक्ति ५० रूपैयाँ, विद्यार्थीका लागि ३० रूपैयाँ टिकट शुल्क तय गरिएको उनले बताए । विदेशी पर्यटकमध्ये सार्क राष्ट्रका पर्यटकका लागि १०० रूपैयाँ र अन्य विदेशी मुलुकका पर्यटकका लागि १५० रूपैयाँ टिकट शुल्क निर्धारण गरिएको उनले जानकारी दिए ।

स्मारक पुग्नासाथ नेपाली शैली झल्काउने भक्तपुरे इँटाद्वारा निर्माण गरिएको कलात्मक टुडाल झ्यालसहितको आकर्षक प्रवेशद्वारले भित्री सौन्दर्यताको पूर्वानुमानसमेत गर्दै पर्यटकहरू प्रवेश गर्दछन् । तत्कालीन समयमा नेकपा (माले) र उसको भ्रातृ संगठन प्ररायु संघ मकवानपुरको संयुक्त आयोजनमा २०४७ साउन ७ गते यस क्षेत्रलाई सहिद स्मृति वाटिका नामकरण गरी वृक्षरोपण गरिएकामा २०४९ पुस १७ गतेको जिल्ला परिषद्को निर्णयबाट उक्त वाटिकालाई नै सहिद स्मारक पार्कको रूपमा विकास गर्ने गरी पार्कको शिलान्यास गरिएको थियो ।



सुरुमा विभिन्न कालखण्डमा भक्ति थापादेखि २०४६ सालसम्मका सहिदहरूलाई समेट्नेगरी १२ जना सहिद र ज्ञात अज्ञात सहिदको प्रतिनिधिको रूपमा एक/एक महिला र पुरुषको अमुक आकृति समावेश गरी बनाइएको सहिद स्मारकको तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले २०५१ माघ १७ गते अनावरण गरेसँगै स्मारकको विकासक्रम सुरु भएको हो ।

पछिल्लो समयमा स्मारक क्षेत्रमा थपिएका विभिन्न पूर्वाधारले यहाँको महत्त्व र आकर्षणलाई अझै बढाएको संग्रहालयका अर्का कर्मचारी अनुपकुमार अधिकारीले बताए । स्मारकमा पूर्वाधार विस्तारसँगै विभिन्न कालखण्डमा शाहदत प्राप्त गर्ने सहिदको बारेमा प्रकाशित पुस्तक, जीवनी, लेखरचना फोटोलगायतका सम्पूर्ण विवरण एउटै थलोमा प्रप्त हुनेगरी सहिदको बारेमा अध्ययन अनुसन्धान एवं खोज गर्नका लागि सहिद अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गरिएको उनले बताए ।

### एकै स्थानमा विविधताः

सहिद स्मारक वनभोजका लागि आकर्षक गन्तव्य बनिरहेको छ । वनभोजस्थलसम्म जाने बाटोहरू, पानी, बिजुली बत्ती, शौचालय आदिको व्यवस्था गरिएको छ । विशेषतः हरेक वर्ष असोजदेखि मंसिर महिनासम्म समूह-समूहमा ठूलो संख्यामा वनभोजका लागि आउने गरेको उनले जानकारी दिए । वनभोजका लागि आउनेका लागि टेण्ट तथा क्याटरिङ हाउस सञ्चालनमा राखिएको छ भने आवश्यक भाँडावर्तन, साउण्ड सिस्टम, कुक तथा हेल्पर आदिको सुविधा उपलब्ध गराउने गरिएको छ । पर्याप्त पानी तथा बिजुलीको व्यवस्थाका कारण आउनेलाई सहज हुने गरेको छ ।

स्मारक परिसरमा बालबालिकाको मनोरञ्जनका लागि चिप्लेटी, पिङ, जिप, ट्रेन, आदि रहेको छ भने वयस्कका लागि रोटेपिङ, नाउडुंगा, फ्लाइङ चेयर, फ्लाइङ कार आदि सञ्चालित छन् । त्यस्तै साहसिक मनोरञ्जनात्मक खेलहरू जिपलाइन, रोलर कोस्टर जिपलाइन, स्काइ साइकल पनि सञ्चालन गरिएको छ । साहसिक मनोरञ्जनात्मक खेलका लागि निजी क्षेलाई लिजमा दिएर सञ्चालन गरिएको व्यवस्थापक न्यौपानेले जानकारी दिए ।

स्मारक परिसरमा सहरी विकास तथा भवन निर्माण विभागको सहयोग तथा सहिद स्मारक विकास समितिको संयुक्त लगानीमा ऐतिहासिक प्रजातान्त्रिक आन्दोलनका अगुवाहरू विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ र गणेशमान सिंहको पूर्णकदको प्रतिमासहित आकर्षक बगैँचा, फाउण्टेनसहितको प्रजातान्त्रिक पार्क निर्माण गरिएको छ ।

सम्पूर्ण सहिदहरूलाई एकै थलोमा स्मरण गर्न ६५ फिट अग्लो १९ मिटर गोलाइको सहिदस्तम्भ यहाँको अर्को आकर्षण हो । चारैतिरबाट कमलको फूलको आकार देखिने र भित्री भागमा विभिन्न कालखण्ड झल्कने अर्ध अमूर्त आकृति, चार फोहोरा, आकर्षक बगैँचा, अग्रभागमा मुख्य नदीहरू, हिमशृंखलादेखि तराईसम्म बगिरहेको दृश्यसहितको नेपालको नक्सा राखिएको छ ।

त्यस्तै जननेता मदनकुमार भण्डारीको स्मृतिमा तत्कालीन जिल्ला विकास समिति, हेटौंडा नगरपालिका तथा सहिद स्मारकको संयुक्त लगानीमा भण्डारीको दुःखद् मृत्यु भएको स्थान दासढुंगाको दृश्य प्रतिविम्बित हुने गरी सूर्यको पृष्ठभूमिमा तराई, पहाड, हिमालसहितको टाकुरामा वक्ता मुद्रामा उनको पूर्णकदको प्रतिमा राखिएको छ । परिसरमा माटाको पहाड, हरियो दुबो, फूलका क्यारी र सजावटी बिरुवासहितको मदन बाटिका अर्को आकर्षणको रूपमा रहेको छ ।

स्मारक क्षेत्रमा नै तत्कालीन जिल्ला विकास समिति मकवानपुरको सहयोगमा पर्यटक सूचना केन्द्र भवन निर्माण भई भुइँ तलामा समितिको कार्यालय र माथिल्लो तलामा सूचना केन्द्र सञ्चालन गरिएको छ । केन्द्रमा मकवानपुरमा रहेका ऐतिहासिक, धार्मिक, मानव निर्मित पर्यटकीयस्थलको तस्बिर राखी विशेष जानकारीको रूपमा डिस्प्लेमार्फत सूचना प्रवाह गर्ने गरिएको छ । त्यस्तै यही परिसरमा मकवानपुरमा उपलब्ध हुने हस्तकलाका सामग्री, उपहार आदि बिक्री वितरण गर्ने गरिएको छ ।

परिसरमा नै मकवानपुरको राजनीतिक आकासमा विशिष्ट पहिचान राख्न तत्कालीन राष्ट्रिय पञ्चायतका सदस्य स्व. रूपचन्द्र विष्टको स्मृतिमा निष्पक्ष सक्रियताको अभ्यास थाहा लेखिएको थाहा स्तम्भ २०५६ सालमा हेटौंडा उपमहानगर पालिकाको सहयोगमा निर्माण गरिएको हो । त्यस्तै हेटौंडा १७ निवासी जीतबहादुर विश्वकर्माले आफ्नै हातले तयार गरी सौजन्य गरेको पित्तलको मिनी धरहरा परिसरभित्रै देख्न सकिन्छ । स्मारकको पूर्वतर्फ पर्यटकलाई बस्न, घुम्न, मनोरञ्जन र फोटो खिच्नका लागि आकर्षक बगैँचा, आर्कब्रिज, आरामदायी कुर्सीहरू, वर पिपल चौतारी, विभिन्न रुखहरूको छहारीलाई जोडेको कलात्मक बाटो, हरियाली दुबो, बगैँचा, सदाबहार फूलहरू सजिएको बालबालिका खेल्ने र फोटो खिच्नका लागि आकर्षक सामग्रीहरूसमेत राखिएको छ ।

स्मारक परिसरभित्र रहेको चिडियाघर यहाँको अर्को आकर्षण हो । करिब तीन विघा क्षेत्रफलमा रहेको चिडियाघरमा संसारको सबैभन्दा ठूलो चरा अस्ट्रिजसहित घडियाल गोही, चितुवा, चित्तल, रतुवा मृग, रातो बाँदर, खरायो, विभिन्न प्रजातका कछुवा, बेलायती मुसा, हुचिल (विभिन्न जातका), गिद्ध, लक्का परेवा, मयुर, राजहाँसलगायत विभिन्न जीवजन्तु र पन्छीहरू केही खुल्ला क्षेत्रमा र केही बन्द कोठामा रहेका छन् ।

विशेषगरी स्कुले विद्यार्थीका साथै वन्यजन्तुको अध्ययन अवलोकन र अनुसन्धान गर्न चाहनेका लागि पनि चिडियाघर रोजाइमा पर्ने गरेको छ । सहिद स्मारक र मदन स्मारकलाई जोडिनेगरी करिब ६५ मिटर लामो झोलुंगेपुल यहाँको अर्को आकर्षण हो । आधुनिक प्रविधि जडान गरी धातुको मुद्रा खसालेपछि मात्र खोलिने स्वचालित द्वार रहेको छ । यसको संरक्षण सम्वर्द्धनका लागि प्रतिमुद्रा १० रूपैयाँ लिएर प्रवेश गराउँदा पनि यहाँ जाने र फोटो खिच्नेहरूको आकर्षण बढिरहेको छ । जुन समितिको आम्दानीको स्रोतका रूपमा रहेको छ । पर्यटकहरूले तिरेको प्रवेश शुल्कबाट वार्षिक दुई करोड रूपैयाँभन्दा बढी आम्दानी हुने गरेको छ । आम्दानीबाट यहाँ कार्यरत ३६ जना कर्मचारीसँगै यहाँको दैनिक कार्य सञ्चालनमा सहयोग पुगेको व्यवस्थापक न्यौपानेको भनाइ छ ।

त्यस्तै प्रवेश द्वारबाट दक्षिणतर्फ देखिने कृत्रिम झरना (फाउण्टेन), वरपर बाटो तथा हरियालीयुक्त बोटबिरुवा आदिले यहाँको सौन्दर्यलाई टेवा पुऱ्याएका छन् । प्रवेशद्वार अगाडि दुवै बाटोको बीचमा सजाइएका फूलहरूले पर्यटकलाई लोभ्याउने गरेका छन् । त्यस्तै यही सजाइएको शान्तिका दूत भगवान् गौतमबुद्धको सानो मूर्तिले पनि आकर्षण बढाएको छ ।

यहाँ रहेको जातीय संग्रहालय अर्को महत्त्वपूर्ण दर्शनीयस्थल हो । यसमार्फत मकवापुरमा रहेका दनुवार, चेपाङ, बनकरीया, राउटे, राई, लिम्बू, नेवार, तमाङलगायतका २६ जातिको पहिरन, प्रयोग गरिने सामान, सांस्कृतिक पर्वले जातीय इतिहासलाई जीवन्तता दिने प्रयास गरिएको व्यवस्थापक न्यौपाने बताउँछन् ।

स्मारकमा गौरीशंकर हिमालको प्रतिमा निर्माण गरिएको छ । ३२ फिट लम्बाइ र १५ फिट उचाईको गौरीशंकर हिमालको दुवै चुचुरो देखिनेगरी निर्माण गरिएको यो हिमाल निकै सुन्दर बनेको छ । पहाड तथा त्यहाँ रहेका गाउँबस्ती खेतबारीसहित कलात्मक बनावट निकै आकर्षक रहेको छ । गौरीशंकर हिमाललाई जान्न, बुझ्न र अवलोकनका साथै फोटो तथा भिडियो खिच्न यो महत्त्वपूर्ण बनेको छ । *रासस*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९०७०० | प्रति तोला – ० | प्रति तोला – ४६१५ |

## 'नेपाललाई 'ग्रे लिस्ट'बाट हटाउन सरकार प्रतिबद्ध'



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकार मुलुकलाई फाइनान्सिएल एक्सन टास्क फोर्स (एफएटिए)को 'ग्रे लिस्ट'बाट हटाउन प्रतिबद्धताका साथ लागेको बताएका छन् ।

राष्ट्रियसभाको शनिबारको बैठकमा 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन ) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव गर्दै उनले मुलुकलाई उक्त सूचीबाट बाहिर निकाल्नका लागि सबैको पूर्ण सहयोग आवश्यक भएको बताए । उनले उक्त सम्बन्धमा नेपालले सम्बोधन गर्नुपर्ने सबै विषयलाई कार्यतालिकासहित प्रभावकारी अगाडि बढाउने समेत उल्लेख गरे ।

एफएटिएले दिएका सुझाव कार्यान्वयन नभएको अवस्थामा नेपाल कालो सूचीमा पर्ने सम्भावना रहेकाले यसको गम्भीर्यतालाई ख्याल गरी सहयोग गरिदिन अर्थमन्त्री डा वाग्लेले आग्रह गरे । वर्तमान सरकार गठन भएपछि एफएटिएले दिएका सुझावलाई पूर्ण रूपमा कार्यान्वयन गराउन आफूहरू लागिपरेको उनको कथन थियो ।

नेपाल २०८१ साल फागुनदेखि 'ग्रे लिस्ट'मा छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गरेको प्रस्तावलाई सभाको बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ ।

त्यसअघि बैठकमा सांसदहरूले सम्पत्ति शुद्धीकरणका विषयमा थप प्रष्ट व्याख्यासहित विधेयकका विभिन्न व्यवस्थालाई थप समृद्ध बनाउनुपर्नेमा जोड दिएका थिए । विधेयकलाई स्म्बन्धित समितिमा पठाएर छलफल गरी सबैको साझा मत बनाउनुपर्ने उनीहरूको भनाइ थियो । यसरी धारणा राख्ने सांसदहरूमा सुरेश आलेमगर, रामकुमारी झाँक्री, विष्णुकुमारी सापकोटा, रोशनी मेचे, सोमनाथ पोर्तेल थिए ।

सरकारका १०० दिन

# अर्थतन्त्रलाई गति दिन नीतिगत सुधारको पहल

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले मुलुकको अर्थतन्त्रको सुधारका लागि नीतिगत सुधार, कानुनी प्रबन्धलाई उच्च प्राथमिकतामा राखेको छ । वर्तमान सरकार गठन भएको १०० दिन पुगेको अवसरमा आज सार्वजनिक विवरणअनुसार उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझावअनुसार १५ वटा असान्दर्भिक कानुन खारेज गरिएको छ ।

यस्तै, राजस्व अनुसन्धान विभाग खारेज गरी सोको व्यवस्थापन गरिएको छ । सार्वजनिक पूर्वाधार विकासमा निजी क्षेत्र र वैदेशिक लगानी आकर्षित गर्न उद्देश्यका साथ वैकल्पिक विकास वित्त ऐन २०८३ सङ्घीय संसद्बाट पारित भई कार्यान्वयनको चरणमा प्रवेश गरेको छ ।

यसले राज्यका प्राथमिकताका क्षेत्रमा लगानी परिचालन गर्नका लागि नवीन उपकरणको प्रयोग गर्न सकिने वातावरण सिर्जना गरेको छ ।

यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली संशोधन भई पुँजीगत बजेटको रकमान्तर सम्बन्धित मन्त्रालयका सचिव (लेखा उत्तरदायी अधिकृत) ले गर्नेगरी लाई अधिकार प्रत्यायोजन गरिएको छ । यसबाट रकमान्तरको प्रक्रिया उल्लेखनीय रूपमा कमी भई पुँजीगत खर्च वृद्धि हुने सरकारको विश्वास छ ।

कम्पनी रजिष्ट्रारको कार्यालय र १२० वटा स्थानीय तहबाट स्थायी लेखा नम्बरसहित करदाता सेवा प्राप्त गर्न सक्ने गरी प्रबन्ध मिलाइएको छ । पश्चिम एसियाको द्वन्द्वका कारण पेट्रोलियम पदार्थ आपूर्तिमा अवरोध एवं विश्व बजारमा मूल्यवृद्धि भएको परिप्रेक्ष्यमा जनतामा सोको भार कम गर्न पैठारीमा लाग्ने भन्सार महसुल तथा पूर्वाधार विकास शुल्कमा ५० प्रतिशत छुट दिइएको थियो । 'ई-पेन्सन भेरिफिकेसन' प्रणाली लागू गरी जुनसुकै स्थान वा घरबाट नै पेन्सनको भेरिफिकेसन गर्न व्यवस्था मिलाइएको छ । यसबाट निवृत्तिभरण प्राप्त गर्ने ठूलो सङ्ख्याले राहत पाएका छन् ।

यस्तै, आन्तरिक राजस्व कार्यालयबाट कर विवरण पेस, कर चुक्तालगायत सम्पूर्ण कार्य 'अनलाइन' प्रणालीबाट प्रदान गरिएको छ ।

व्यापारको लागत न्यूनीकरण, व्यापार सहजीकरण र 'फेसलेस र कन्ट्याक्टलेस' राजस्व प्रशासनको विकास गर्न सहयोग गरिएको आज सार्वजनिक विवरणमा उल्लेख छ । नेपाल २०८१ फागुन ९ देखि नेपाल 'फाइनान्सियल एक्सन टास्क फोर्स'को 'ग्रे लिस्ट'मा परेको छ । ग्रे लिष्टमा परेकामा पहिलोपटक तात्विक सुधारतर्फ उन्मुख भएको छ । वर्तमान सरकारले चालेको सकारात्मक



कदमबाट हाल प्रगतिउन्मुख रहेको स्पष्ट पारेको छ । गोरखकाली रबर उद्योग, हेटौँडा सिमेन्ट, जनकपुर चुरोट र नेपाल मेटल कम्पनी लिमिटेडको 'ड्यू डिलिजेन्स अडिट' (डिडिए) गरी अन्तिम प्रतिवेदन तयार पारिएको छ ।

यस्तै, उदयपुर सिमेन्टको पनि डिडिएको अन्तिम मस्यौदा प्राप्त भएको छ । बुटवल धागो र 'नेपाल ओरियन्टल म्याग्नेसाइट'को अध्ययन भइरहेको छ । लगानी बोर्डअन्तर्गत रहेका ९७० वटा ठूला एवं महत्त्वपूर्ण परियोजनाको लगानीको ढाँचासहितको अध्ययन सम्पन्न भएको छ ।

यस्तै, १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका बैंक तथा वित्तीय संस्थाका खाताहरूको रकम परिचालन गर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ मा आवश्यक परिमार्जनका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

सार्वजनिक विवरणअनुसार त्यससम्बन्धी मस्यौदा प्रस्ताव गर्न अर्थ मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको समेत प्रतिनिधित्व हुनेगरी कार्यदल गठन भई मस्यौदा प्रतिवेदन सञ्चालक समितिसमक्ष पेस भएको छ ।

सय दिनको अवधिमा समान प्रकृतिको कोषको एकीकरणका लागि महालेखा नियन्त्रक कार्यालयले अध्ययन प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा बुझाएको छ । कुल १९६ भन्दा बढी कोषमा रु ८४ अर्ब ८४ करोड बराबरको मौज्दात रहेको छ, सो रकमलाई प्रभावकारी रूपमा परिचालन गर्नका लागि कानुन संशोधनको प्रक्रिया अगाडि बढाइएको छ ।

राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन राजस्व अनुसन्धान विभाग खारेज गरी त्यसले सम्पादन गर्दै आएको कार्य आन्तरिक राजस्व विभाग र भन्सार विभागअन्तर्गत गाभ्ने व्यवस्था मिलाइको छ । राजस्व चुहावट नियन्त्रण गर्न 'डेडिकेटेड अप्रेसन टिम' गठन गरी परिचालन गरिएको छ । राजस्व चुहावट नियन्त्रण र कर प्रशासनलाई पारदर्शी बनाउन वार्षिक रु २० करोडभन्दा बढी कारोबार गर्ने ८४१ करदातालाई 'केन्द्रीय बिजक अनुगमन प्रणाली'मा आबद्ध गरिएको छ । यस्तै, यही असार १ गतेदेखि रु १० करोडभन्दा बढी कारोबार गर्ने करदातालाई समेत यस प्रणालीमा ल्याउन परिपत्र जारी गरिएको छ ।

बजारमा एमआरपीको अनिवार्य कार्यान्वयन सुनिश्चित गर्न २५३ वटा अनुगमन टोली परिचालन गरिएको छ । जसअन्तर्गत एक हजार ६९२ वटा कम्पनी तथा फर्मको अनुगमन गरी १०२ वटालाई रु ७१ लाख १६ हजार जरिवाना गरिएको छ ।

भन्सार नाकामा वर्षौंदेखि थन्किएका सवारी साधन नेपाल प्रहरीलगायत निकायमा हस्तान्तरण गरिएको छ र बाँकी लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाइएको छ । भन्सार नाकामा राजस्व चुहावटमा शंकास्पद देखिएका कर्मचारी तथा त्यसमा संलग्न व्यक्तिप्रति निर्मम भई निलम्बन र छानबिनको प्रक्रियामा ल्याइएको सार्वजनिक विवरणमा समावेश छ ।

धौवादी र राते खोला फलाम खानी क्षेत्रमा विस्तृत सम्भाव्यता अध्ययनका क्रममा १२ वटा स्थानमा 'कोर ड्रिलिङ' कार्य सम्पन्न भएको छ । खानी तथा भूगर्भ विभागबाट उत्खननका लागि सैद्धान्तिक सहमति प्राप्त भएको छ । यसका साथै वातावरणीय प्रभाव मूल्यांकन कार्य परामर्शदातामार्फत सुरु गरिएको छ ।

यस्तै, सरकारी निर्णय प्रक्रियामा रहेको बहु-स्वीकृति तहलाई बढीमा तीन तहमा सीमित गर्ने नीतिगत सुधारको कार्यान्वयन गरिएको छ ।

नेपालका विभिन्न भूभागमा रहेका खानी तथा खनिज क्षेत्रको उत्खनन र नियमनमा कडाइ गरिएको छ । यसअन्तर्गत निष्क्रिय रहेका २७ वटा अनुमतिपत्रलाई स्पष्टीकरण सोधिएको छ ।

यस्तै, तीन वटा उत्खनन तथा १२२ वटा खोजतलास अनुमतिपत्र रद्द गरिएका छन् ।

हेटौँडा कपडा उद्योगलाई पुनः सञ्चालन गर्ने क्रममा नेपाली सेनाबाट सानो स्केलमा परीक्षण उत्पादन गर्न सरकारले स्वीकृत दिएको छ । उक्त उद्योगको भौतिक संरचना मर्मतका लागि करिब रु ५० लाखको लागत अनुमान तयार गरी पेस गरिएको छ । त्यस्तै, दैलेखको जलजले क्षेत्रमा ११२ दशमलव एक अर्ब घनमिटर प्राकृतिक ग्यास भण्डार रहेको प्रारम्भिक अध्ययनबाट पुष्टि भएको छ । त्यसको उपयोगमार्फत २०० मेगावाट विद्युत्, दैनिक दुई हजार २०० टन युरिया मल तथा सवारी इन्धन सिएनजी/पिएनजी उत्पादनको सम्भाव्यता सम्बन्धमा सैद्धान्तिक आधार तयार गरिएको छ । उक्त स्रोतको व्यावसायिक उत्खननका लागि आवश्यक सडक, विद्युत् र खानेपानीलगायत आधारभूत पूर्वाधारको विकास एवं ठूलो स्तरको लगानी व्यवस्थापन गर्नु सो परियोजनाको प्रमुख चुनौतीका रूपमा रहेको छ ।

नेपाल आयल निगमको सहायक कम्पनी स्थापना गरी लगानीको 'मोडालिटी' तय गर्ने, क्षेत्रगत राष्ट्रिय मापदण्ड तर्जुमा गर्ने तथा प्राविधिक जनशक्ति विकासका लागि विश्वविद्यालयसँग सहकार्य गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । विस्तृत प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययनलाई तीव्रता दिँदै परियोजनालाई चरणबद्ध र व्यवस्थित रूपमा अगाडि बढाउने कार्ययोजना तर्जुमा गरिएको छ ।

लगानीकर्तालाई एकीकृत सेवा प्रदान गर्न लगानी बोर्ड नेपालअन्तर्गत 'एकद्वार स्वीकृति प्रणाली' स्थापना गरी पूर्ण रूपमा सञ्चालनमा ल्याइएको छ । निजी क्षेत्रको मनोबल उच्च बनाउन निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति तर्जुमा गरिएको छ । संयुक्त अधिराज्य बेलायतसँग दोहोरा करमुक्ति सम्झौता गर्ने द्विपक्षीय छलफल र संयुक्त अरब इमिरेट्स (युएई)सँगको वार्ता प्रक्रिया अघि बढाइएको छ ।

अन्तरराष्ट्रिय कर तथा वित्तीय पारदर्शिता मापदण्ड लागू गर्ने कार्य अघि बढाइएको छ । त्यसमा 'ट्रान्सफर प्राइसिङ' निर्देशिका जारी हुनुका साथै आर्थिक विधेयक, २०८३ मा यससम्बन्धी कानुनी व्यवस्था गरिएको सार्वजनिक विवरणमा समावेश छ ।

## रसुवागढीको विद्युत् पुनः राष्ट्रिय प्रसारणमा

**रसुवा (प्रस)–** गतवर्षको असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीका कारण क्षतिग्रस्त बनेको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको ७५ प्रतिशतभन्दा मर्मत सम्पन्न भएको छ । बाढीपछि सञ्चालन गरिएको मर्मत तथा पुनःनिर्माण सम्पन्न भएसँगै राष्ट्रिय विद्युत् प्रणालीको मागअनुसार ७४ मेगावाट विद्युत् मात्र उत्पादन सुरु गरिएको जनाइएको छ ।

नेपाल-चीन सीमास्थित भोटेकोशी नदीको जलस्रोत उपयोग गरी निर्माण गरिएको यो आयोजना नेपालका महत्वपूर्ण जलविद्युत् आयोजनामध्ये एक हो । गतवर्षको बाढीले आयोजनाले ठूलो प्राकृतिक विपत्तिको सामना गर्नुपरे पनि छोटो अवधिमै पुनःसञ्चालनको अवस्थामा पुग्नु आफूहरूका लागि सकारात्मक उपलब्धि भएको स्थानीय सोनाम औदी तामाङले बताए ।

रसुवागढी जलविद्युत् कम्पनीका कार्यकारी निर्देशक सत्यराम ज्याख्वाका अनुसार बाढीका कारण सुरुङभित्र पसेको भेलले बिगारेका विद्युत् गृहका उपकरणहरूको मर्मत, भूमिगत डिसेन्डर (बालुवा थिग्राउने पोखरी) को सफाइ तथा अवरोध हटाउने, हाइड्रो-मेकानिकलतर्फका सम्पूर्ण मर्मत तथा पुनःनिर्माण कार्य सम्पन्न भइसकेका छन् । आयोजनाले प्रयोग गर्ने पुल संरक्षणका लागि तटबन्ध निर्माण तथा जोखिमयुक्त स्थानमा आवश्यक संरक्षणका कामसमेत सम्पन्न गरिएको उनले जानकारी दिए । भोटेकोसी नदीमा रहेको बाँधस्थलमा बाढीले थुपारेका विशाल ढुंगाहरू फुटाउने काम सकिएको छ भने ड्याम मर्मत तथा सुधारका बाँकी काम अन्तिम चरणमा पुगेको छ ।

## वन उद्यममा जोडिँदै नवलपुरका महिला



**त्रिवेणी –** वनमा खेर जाने वन पैदावारको सदुपयोग गर्दै नवलपुरका महिलाले हस्तकला उद्यममार्फत आयआर्जनसँगै स्थानीय रोजगारी सिर्जना गरिरहेका छन् । जिल्लाको देवचुली नगरपालिकास्थित नमूना महिला सामुदायिक वनमा आबद्ध महिलाले थाकल र अम्रिसोको उपयोग गरी विभिन्न हस्तकलाका सामग्री तथा कुचो उत्पादन गर्दै आत्मनिर्भर बन्ने अभियान सञ्चालन गरेका हुन् ।

पहिले वनमा खेर जाने थाकल अहिले महिलाहरूको आम्दानीको मुख्य स्रोत बनेको छ । उनीहरूले थाकलबाट झोला, टेबल म्याट, टिम्याट, टोपी, गमला, सजावटका सामग्रीलगायत विभिन्न हस्तकला उत्पादन गरिरहेका छन् । त्यस्तै अम्रिसोबाट कुचो उत्पादन गरी स्थानीय बजारदेखि काठमाडौँसम्म बिक्री गर्दै आएका छन् ।

नमूना हस्तकला सामान उत्पादन महिला समूहकी अध्यक्ष कोपिला रायमाझीका अनुसार केही वर्षअघि थाकलको झोला बुन्ने तालिम लिएपछि सामान्य झोला उत्पादनबाट सुरु गरिएको उद्यम अहिले विभिन्न प्रकारका हस्तकलाका सामग्री र अम्रिसोका कुचो उत्पादनसम्म विस्तार भएको छ । हाल समूहमा करिब २० जना महिला सक्रिय रूपमा आबद्ध रहेका उनले जानकारी दिइन् ।

उनका अनुसार समूहका सदस्यहरूले सामुदायिक वनबाट थाकल संकलन गरी त्यसलाई प्रशोधन गरेर विभिन्न सामग्री उत्पादन गर्छन् । उत्पादनमा संलग्न सदस्यहरूलाई निश्चित पारिश्रमिक प्रदान गरिन्छ भने बाँकी बचत पुनः उद्यम विस्तारमा लगानी गर्ने व्यवस्था गरिएको उनले बताइन् । उद्यममा आबद्ध खगिसरा लुंगेलीले घरधन्दा सकेपछि फुर्सदको समयमा घरमै बसेर थाकलका झोला, टोपी तथा अम्रिसोका कुचो बनाउने गरेको बताइन् । उद्यमबाट हुने आम्दानीले व्यक्तिगत खर्च व्यवस्थापन गर्न तथा परिवारको आर्थिक आवश्यकतामा सहयोग पुगेको उनको भनाइ छ ।

भर्खरै कुचो बनाउने तालिम लिएकी कुमारी श्रेष्ठले अन्य महिलाहरू उद्यममार्फत आत्मनिर्भर बनेको देखेपछि आफू पनि समूहमा आबद्ध भएको बताइन् । सीप हासिल गरेपछि आफ्नै मेहनतबाट आम्दानी गर्न सकिने आत्मविश्वास बढेको उनले सुनाइन् ।

समूहले उत्पादन गरेका सामग्रीहरू मुख्यतः घरबास (होमस्टे), पर्यटन क्षेत्र तथा काठमाडौँसम्म पुग्ने गरेका अध्यक्ष रायमाझीले जानकारी दिइन् । पछिल्लो समय बजार खोज्दै हिँड्नुपर्ने अवस्था नरहेको भन्दै विभिन्न संघसंस्थाका प्रतिनिधि तथा ग्राहक स्वयं माग गर्दै आउने गरेका उनले बताइन् ।

नमूना महिला सामुदायिक वनकी अध्यक्ष रिलकुमारी तामाङका अनुसार थाकलबाट हस्तकला सामग्री उत्पादनसँगै व्यावसायिक रूपमा अम्रिसोका कुचो उत्पादनलाई समेत विस्तार गरिएको छ । आफ्नै सामुदायिक वनमा पर्याप्त अम्रिसो नहुँदा अन्य सामुदायिक वनबाट कच्चा पदार्थ ल्याएर उत्पादन बढाइएको उनले जानकारी दिइन् ।

वनकी अध्यक्ष तामाङका अनुसार हाल काठमाडौँबाट एकैपटक एक सय वटा हस्तकला सामग्रीको माग आएको छ । माग बढ्दै जाँदा समूहमा आबद्ध महिला थप उत्साहित बनेका उनले बताइन् । उद्यमलाई व्यवस्थित बनाउन समूह दर्ता गरी संस्थागत रूपमा सञ्चालन गरिएको तामाङले जानकारी दिइन् । उद्यम विस्तार गर्ने उद्देश्यले केही दिनअघि मात्रै थप २० जना महिलालाई तालिम प्रदान गरिएको थियो । उक्त तालिम सञ्चालनका लागि डिभिजन वन कार्यालयले सहयोग गरेको उनले बताइन् ।

वनमा खेर जाने प्राकृतिक स्रोतको सदुपयोग गर्दै सञ्चालन गरिएको यस उद्यमले महिला सशक्तीकरण, आयआर्जन र स्थानीय रोजगारी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको डिभिजन वन कार्यालय नवलपुरका सूचना अधिकारी सुवास अधिकारीले बताए । वन पैदावारको दिगो उपयोग मार्फत वातावरण संरक्षणसँगै ग्रामीण महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन डिभिवन वन कार्यालयले यहाँका सामुदायिक वनलाई प्रोत्साहन गर्दै आएको उनले बताए । *रासस*


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com